म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १३५ बिहीबार, ११ पुस २०८१ ने. सं. ११४५ थिलागा 26 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नगरस्तरीय अन्तर माविं शैक्षिक प्रदर्शनी

हेटौंडा, १० पुस/थाहा नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको आयोजनामा नगरस्तरीय मावि विद्यालयहरुको शैक्षिक प्रदर्शनी भएको छ । प्रदर्शनीमा पालुङ भ्याली हार्ट एकेडेमी प्रथम भएको छ । जनकल्याण माविमा भएको प्रदर्शनीमा झम्केश्वरी मावि द्वितीय र मत्स्य नारायण माविले तृतीय स्थान हासिल गरेका छन् । प्रथम भएको भ्याली हार्ट १९ पुसमा हेटौंडामा हुने जिल्ला स्तरीय प्रदर्शनीमा सहभागी हुनेछ ।विजयी विद्यालय र विद्यार्थीहरुलाई प्रमुख अतिथि थाहानगर प्रमुख विष्णु बिष्टले प्रमाणपत्र तथा पुरस्कार वितरण गरेका थिए । कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान, जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्की, विद्यालय व्यवस्थापन समिति अध्यक्ष राजिव स्याङ्तानले मन्तव्य व्यक्त व्यक्त गरेका थिए ।

# हेटौंडामा प्रदेश लिग फुटबल सुरु, काठमाडौं विजयी

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/ हेटौंडामा दोश्रो संकरणको बागमती प्रदेश फुटबल लिग सुरु भएको छ । बुधवार भएको उद्घाटन खेलमा चित्लाङ एफसी काठमाडौंले बिजयी सुरुवात गरेको छ ।



हेटौंडा उपमहानगर पालिका-५, स्थित पिप्ले क्याम्पा रंगशालामा भएको खेलमा काठमाडौंले माउन्ट एभरेस्ट एफसी काभ्रेलाई ३-० ले पराजित गरेको हो । समूह 'ए' को पहिलो खेलमा काठमाडौंलाई सहज जित दिलाउन अंकित रास्कोटीले ह्याट्रिक गरे । उनले खेलको ६, २० र ७९ औं मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरेका हुन् । खेलमा रास्कोटी नै म्यान अफ द म्याच चुनिएका छन् ।

लिगमा आज बिहीवार दुईवटा प्रतिस्पर्धा हुने म्याच कमिसनर छवि सुबेदीले जानकारी दिए । आज दोलखा र नुवाकोटको पहिलो खेल र दोस्रो खेलमा भक्तपुर र सिन्धुली भिड्ने छन् । लिगकम नकआउट अवधारणामा हुने प्रतियोगिताको फाइनल पुग्ने दुईवटा टिमले एन्फाले आयोजना गर्ने राष्ट्रिय फुटबल लिगमा सहभागिता जनाउन पाउने संघका कार्यबाहक अध्यक्ष राजिव बस्नेतले बताए ।

गतवर्षको पहिलो संस्करणको उपाधि धादिङले जितेको थियो । प्रतियोगितामा विजेता तथा उपविजेताले क्रमशः नगद २ लाख र एक लाख नगदसहित शिल्ड तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । लिगमा यसवर्ष मकवानपुरबाट पदमपोखरी युवा क्लब, बिएफसी चितवन, धुनिवेशी युथ समाज धादिङ, बट्टर युथ क्लब नुवाकोट, चित्लाङ फुटबल क्लब काठमाडौ, थिमी युथ क्लब भक्तपुर, माउन्ट एभरेस्ट एफसी काभ्रे, चौतरा स्पोर्टिङ सिन्धुपाल्चोक, टाइगर टिम दोलखा, ब्लु अल्पाइन सिन्धुली र ललितपुरको क्लबहरु सहभागी छन् ।

हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मिनाकुमारी लामाको प्रमुख आतिथ्यतामा प्रतियोगिताको उद्घाटन गरिएको थियो । उनले खेलकुद क्षेत्रको विकास र खेलाडीको प्रोत्साहनमा उपमहानगरपालिकाले आवश्यक सबै सहयोग पुर्‍याएको बताएकी छन् । उद्घाटन कार्यक्रममा बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, हेटौंडा उपमहानगरका प्रवक्ता एवम् १ नम्बर वडाका वडा अध्यक्ष सविन न्यौपाने, १० नम्बर वडाका वडा अध्यक्ष फुर्वा दोर्जे लामालगायतको आतिथ्यता रहेको थियो ।

**लिगलाई निको अस्पतालको निःशुल्क सेवा**

यस प्रदेश लिग फुटबल प्रतियोगितालाई निको अस्पताल हेटौंडाले सहयोग गरेको छ । प्रतियोगिताको खेल मैदानमा निको अस्पतालले आवश्यक स्वास्थ्यकर्मी र औषधी निःशुल्करुपमा उपलब्ध गराएको हो ।

अस्पतालका सञ्चालक सुधिर दाहालले खेलकुद क्षेत्रमा निको अस्पतालले विगतको समयमा पनि सहयोग गरिरहेको स्मरण गरे । 'हाम्रो पनि सामाजिक उत्तरदायित्व हुन्छ । सोही अनुसार अस्पतालले विभिन्न क्षेत्रमा सहयोग गर्दै आइरहेको छ ।', दाहालले भने । निको अस्पताल हेटौंडा-२ स्थित हेडम्बी हाइटमा रहेको छ ।

# हेटौंडा अस्पतालको स्वामित्व विवादमा सर्वोच्चको कारण देखाउ आदेश

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/ सर्वोच्च अदालतले हेटौंडा अस्पतालको स्वामित्व विवादमा विपक्षीको नाममा कारण देखाऊ आदेश गरेको छ । २६ मंसिरमा बसेको सर्वोच्चको संवैधानिक इजलासले विपक्षी नेपाल सरकार समेत १२ निकायलाई कारण देखाऊ आदेश गरेको हो ।




अधिवक्ता केशवप्रसाद गौतमले हेटौंडा अस्पतालको स्वामित्वको विषयलाई लिएर गत २६ भदौमा सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए । मुद्दामाथि सुनुवाई गर्दै प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरु सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाँल र डा.मनोजकुमार शर्माको संवैधानिक इजलासबाट विपक्षीको नाममा कारण देखाऊ आदेश गरेको हो । सर्वोच्चले गत पुस ८ गते आदेश अनुसार पत्राचार गर्दै पत्र प्राप्त भएको ७ दिन भित्र उपयुक्त कारण माग गरेको छ ।

अधिवक्ता गौतमले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश प्रमुखको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश स्वास्थ्य मन्त्रालय, प्रदेश सभा सचिवालय, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका व्यवस्थापन समितिको अध्यक्ष, रजिष्ट्रार, निर्देशक, हेटौंडा अस्पताल र अस्पताल व्यवस्थापन तथा सञ्चालक समितिलाई विपक्षी बनाएर अन्तरिम आदेश माग गर्दै मुद्दा दायर गरेका थिए । इजलाशले अन्तरिम आदेश भने दिएन ।

सर्वोच्चले हेटौंडा अस्पताल र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान बिचको विवाद तथा स्वामित्वको विषयमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए सो समेत खुलाई सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ को उपनियम (१) बमोजिम विपक्षी महान्यायाधिवक्ताको कार्यालय तथा मुख्य न्यायाधिवक्ता बागमती प्रदेश हेटौंडा र अन्य विपक्षीहरुको हकमा आफैं वा कानुन बमोजिमको आफ्नो प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्न आदेश गरेको हो ।

उक्त विषयमा अन्तरिम आदेश माग गरेको विषय वस्तु निवेदनको अन्तिम सुनुवाइबाट बखत निक्यौंल गर्नुपर्ने भएकाले अन्तरिम आदेश जारी नहुने आदेश गरेको छ ।

अधिवक्ता गौतमले सरकारी सम्पत्तिलाई कुनै अमुक संस्थालाई दिनेगरी कानुन बनाएको र हेटौंडा अस्पतालको चल अचल सम्पत्ति कब्जा गर्ने काम भएको उल्लेख गरेका थिए । नेपालको संविधान २०७२ को धारा १३३ (२) (३) (४) अन्तर्गत उत्प्रेषणयुक्त, परमादेश माग गर्दै अधिवक्ता गौतमले संविधान तथा संघीय कानुनसँग बाझिएको प्रदेशको कानुन बदर गर्न माग गरेका थिए ।

हेटौंडा अस्पताललाई स्वास्थ्य सम्बन्धी सेवा सुविधामा अवरोध हुने गरी बागमती प्रदेश सभाले निर्माण गरेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन,२०७६ बदर गर्न रिट निवेदनमा माग गरिएको छ । अधिवक्ता गौतमले दायर गरेको रिट अनुसार २०१६ मा तत्कालीन सरकारको लगानीबाट स्थापना भई सञ्चालन रहेको हेटौंडा अस्पताललाई संविधान, कानुन विपरित प्रदेश सरकारले प्रतिष्ठानको स्वामित्वमा राख्न नमिल्ने भनिएको छ ।

# 'वन जोगाउने भावना बढाउनुपर्छ'

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/ बागमती प्रदेश सरकारका वन तथा वातावरणमन्त्री कृष्णप्रसाद सिलवालले वन जंगल जोगाउने हिसावको सोचाइ सबैमा हुनुपर्ने बताएका छन् ।

मनहरी गाउँपालिका-६, स्थित सुनाचुरी सामुदायिक वन उपभोक्ता समूह र नमस्ते बायो इनर्जी उद्योगले संयुक्त रुपमा सञ्चालन गरेको ७ दिने अगरबत्ति निर्माण तालिमको उद्घाटन गर्दै उनले यस्तो धारणा राखेका हुन् ।

'वन जोगाउने र वन जोगाउनका लागि आम जनसमुदायको सहभागिता वृद्धि गर्नेगरी सबैले काम गर्नुपर्छ', मन्त्री सिलवालले भने, 'वरु सामुदायिक वनको नाफा वा घाटा सबै उपभोक्ताहरुको पुग्नेगरी वन समूहहरुले काम गर्नु उपयुक्त हुनेछ ।'

उनले आफू मन्त्री भएर आएपछि निरन्तर वन र उद्यम जोड्ने विषयलाई उठान गरिरहेको उल्लेख गर्दै आगामी दिनमा पनि निरन्तर वनलाई उद्यमसँग जोडेर आर्थिक समृद्धिको बाटोमा अघि बढ्ने काममा लागि परिरहने बताए ।

खेर गएरका झाडी, वनमारा तथा माइकेनिया झारलाई जलाएर नष्ट गरी अगरबत्ति बनाउनका लागि कोइला बनाउने कार्यले महिला दिदीबहिनीहरुलाई रोजगारीसमेत सिर्जना हुने भएकाले पवित्र काम भएको उनको भनाई थियो ।

कार्यक्रममा डिभिजनल वन कार्यालय राप्ती मनहरीका प्रमुख लोकराज नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका न्यायिक समिति सदस्य हेमलाल उप्रेती, महासंघ मनहरीका अध्यक्ष रघुनाथ रुम्बा, डिपाड सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष डम्बर मुक्तान लगायतले धारणा राखेका थिए । सुनाचुरी सामुदायिक वन उपभोक्ता समूहकी अध्यक्ष पार्वती मुक्तानको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

कार्यक्रमपछि चारकोल निर्माणका सम्बन्धमा मन्त्री सिलवालसहितको टोलीले जंगलको अवलोकन र अनुगमन गर्नु भएको थियो । ७ दिनसम्म चल्ने तालिममा स्थानीय महिलाहरुको सहभागिता रहेको वन समूहले जनाएको छ ।

# कमाने महोत्सवको तयारी पूरा

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/हेटौंडा उपमहानगरपालिका-८, कमानेमा हुने कमाने महोत्सवको तयारी पुरा भएको छ । बिहीवारबाट कमाने महोत्सव सुरु भएर १३ गतेसम्म सञ्चालन हुनेछ ।

महोत्सवको सचिवालय प्रमुख उमेश थापामगरले तयारी पूरा भएको बताए । वडाको चालु कार्यक्रमअन्तर्गत् 'स्थानीय पर्यटन, स्थानीय सांस्कतिक प्रवर्द्धन, स्थानीय व्यापार प्रदर्शनी' भन्ने मूल नाराका साथ बिहीबारबाट महोत्सव सुरु हुने वडाध्यक्ष रामकृष्ण थापाले बताए । उनले महोत्सवमा वडाभित्र रहेका स्थानीय कला संस्कृति पहिचान र व्यापार, व्यवसाय प्रदर्शनी रहने बताए ।

महोत्सवलाई थप आकर्षक बनाउन वडाभित्र रहेका २१ वटा बाल समूहहरुको विभिन्न सांस्कृतिक कार्यक्रमहरु हुनेछ । महोत्सवले वडाका उत्पादनलाई बजारीकरण गर्न, विभिन्न समूहहरुका सीपलाई उजागर गर्नुका साथै गर्नुका साथै वडाका होटल व्यवसायीलाई आर्थिक टेवा पुग्नेसमेत विश्वास रहेको अध्यक्ष थापाले बताए । महोत्सव १३ गते सम्म सञ्चालन हुनेछ ।

वडाध्यक्ष थापाले सवारी साधन प्रयोगकर्तालाई बैकल्पिक मार्ग प्रयोग गर्न सुचना जारी गरेर जानकारी गराइएको बताए । त्यसप्रतिको असुविधाप्रति क्षमाप्रार्थी रहेको अध्यक्ष थापाले बताए । महोत्सव शान्तिपूर्ण ढंगबाट सञ्चालन हुनुका साथै सुरक्षाको लागि जिल्ला प्रहरी कार्यालय सँग आवश्यक समन्वय गरिसकेको उनले बताए । १३ गतेबाट हुप्रचौरमा पनि सडक खाना महोत्सव सुरु हुँदैछ ।

# कार्यकारिणी उपाध्यक्षमा पराजुलीको उम्मेदवारी घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/हेटौंडा जेसीजको वर्ष २०२५को लागि कार्यकारिणी उपाध्यक्षमा सन्तोष पराजुलीले उम्मेदवारी घोषणा गरेका छन् । ५ वर्षे जेसीज यात्रापछि उनले कार्यकारिणी उपाध्यक्षमा आफ्नो उम्मेदवारी अघि सारेका हुन् ।

उनले शनिबार हुने निर्वाचनमा आफ्नो उम्मेदवारी घोषणासँगै आफ्ना प्रतिवद्धताहरु समेत सार्वजनिक गरेका छन् । उनले विगतमा सिकेका अनुभवलाई साट्दै सदस्यहरुको व्यक्तिगत र व्यावसायिक विकासका लागि उच्चस्तरीय तालिम र अवसरहरु प्रदान गर्ने बताएका छन् । भविष्यमा पनि संगठनको दीगो विकासका लागि प्रभावकारी योजना निर्माण र नयाँ सदस्यहरूको संलग्नता सुनिश्चित गर्नेमा प्रतिवद्ध रहेको उनले बताए ।

पराजुली सन् २०१९ मा जेसिआईमा प्रवेश गरेका हुन् । २०२० मा एरिया बी संयोजकको रुपमा एरिया भित्रका गतिविधिहरुलाई प्रभावकारी बनाउँदै सदस्यहरुको सहभागिता र सक्रियतालाई प्रोत्साहित गर्ने काम गरेको उनको दाबी छ । सन् २०२१ मा सचिवको रुपमा संस्थाको प्रशासनिक पक्षलाई व्यवस्थित गर्दै संस्थाको कार्यप्रवाहलाई थप प्रभावकारी बनाउन योगदान गरेको उनले बताए । २०२२ मा महाधिवेशन संयोजक, २०२३ उपाध्यक्ष भएका थिए ।






साझाकुरा

## हाम्रो कुरा

# मानव बेचबिखन रोकौं

चेतनाको कमी, गरिबी र बेरोजगारीका कारण मानव बेचबिखन र ओसारपसार आज बढ्दो क्रममा छ । नेपालका सन्दर्भमा भन्नुपर्दा कानुन कार्यान्वयनमा फितलोपना, भ्रष्टाचार, खुला सीमा आदि कारणले मानिव बेचबिखन र ओसारपसार फस्टाउँदै गएको छ । वैदेशिक रोजगारीप्रतिको मोह, राजनीतिक अस्थीरता र अवसरको खोजीमा सहर पस्ने प्रवृत्तिका कारण पनि मानव बेचबिखन र ओसारपसारको तस्करी बढ्ने कारणहरु हुन् । पैसामुखी प्रवृत्ति र नैतिकताको दासले गर्दा नै मान्छेले मान्छेलाई बेच्ने दुस्साहस गर्छ । आजको मानिस नैतिकतालाई समेत ख्याल नगरी पैसा कमाउनेतर्फ बढी आकर्षित भएको छ । त्यसेले मानवलाई नै बेचबिखनको वस्तुका रुपमा लिन थालेको छ । आज विवेकशिल मानिएको मानव प्राणी पशुसरह बिक्री वितरण भइरहेको छ ।

मानव बेचबिखन र ओसारपसार जस्ता अपराधलाई नियन्त्रण गर्न सर्वप्रथम कानुनी प्रावधान बलियो बनाउनुपर्छ र भएको कानुनको उचित कार्यान्वयन हुनुपर्छ । वर्तमान कानुनमा रहेको कमजोरी सुधार गर्नुपर्छ । आवश्यक परे नयाँ कानुन पनि बनाउनुपर्छ । यस्तो अपराधको सुइँको पाएर सूचना दिने हरेक नागरिकलाई सम्मान गर्न पछि पर्नु हुँदैन । मानव बेचबिखानबाट पीडित मानिसहरुलाई उपयुक्त क्षतिपूर्ति दिलाउने काम सुरु गर्नुपर्छ । पीडितहरुलाई पुनर्स्थापनाका लागि आवश्यक योजनाहरु ल्याउनुपर्छ । रोजगारीको अवसर दिलाउनुपर्छ । पारिवारिक पुनर्मिलन गराउने र समाजमा समायोजन गराउने जस्ता कार्यमा जोड दिनुपर्छ । हरेक सचेत मानिसले मानव बेचबिखन जस्तो अमानवीय दुष्कार्यविरुद्ध लाग्नुपर्छ ।

मानव बेचबिखनसम्बन्धी अपराध गर्ने मानिसहरुलाई निरुत्साहित गर्ने कडा कानुनको व्यवस्थाको साथै त्यस्तो कामको सुइँको दिने व्यक्तिलाई प्रोत्साहित भत्ताको व्यवस्था र गाउँगाउँमा संचेतना अभियान सञ्चालन गर्न उच्चस्तरको संयन्त्र निर्माणको व्यवस्था गर्नुपर्छ । मानवले मानवकै बेचविखन र ओसरपसार गर्नु जघन्य अपराध हो । यस्तो गतिविधि गर्न मतियारको काम गर्ने वा अलिकति पनि यस्तो काम गर्न प्रोत्साहित गर्ने सम्मका मानिसलाई उसको कसुर हेरी सजाय दिने व्यवस्था गर्नुपर्छ । मानव बेचविखन र ओसारपसार गर्ने काम ज्यादै तल्लो स्तरको काम भएकोले त्यसलाई रोक्न सबै पक्ष सक्रिय भएर लाग्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस १२ गते शुक्रबार २७ डिसेम्बर २०२४ । द्वादशी, पौष कृष्णपक्ष । थिलागा ११४५ ने.सं. । सूर्योदय ६:५५, सूर्यास्त ५:१५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रोकिएका काम सम्पादन हुनेछन् | तुला | : मन प्रसन्न रहनेछ |
| वृष | : पठन-पाठनमा प्रगति हुनेछ | वृश्चिक | : विरोधी परास्त हुनेछन् |
| मिथुन | : सभा-समारोहमा अवसर मिल्नेछ | धनु | : व्यापारमा लाभ हुनसक्नेछ |
| कर्कट | : आत्मविश्वासमा कमी आउनेछ | मकर | : काममा सफलता मिल्नेछ |
| सिंह | : व्यापारमा हानि हुन सक्नेछ | कुम्भ | : अधुरा कामहरु पूरा हुनेछ |
| कन्या | : समाजमा सराहना हुनेछ | मीन | : स्वास्थ्यको समस्या आउनेछ |

# सदाचारी र नैतिकवान् शासक कहिले पाइएला ?



✍ सागर पण्डित

अझै पनि रोग, भोक र गरिबीका कारण मुलुकमा ठूलो संख्यामा नागरिकहरू आक्रान्त छन् । विकट गाउँबस्तीमा सिटामोल समेत नपाएर मानिसहरूले अकालमै मृत्युवरण गर्नुपर्ने दु:खदायी अवस्था छ । हामी कहाँ धनी र गरिब बीचको खाडल झन् झन् गहिरिँदै छ । धनीहरू झन् झन् धनी र गरिबहरू झन् झन् गरिब हुनुपर्ने अवस्था छ । वर्षौंदेखि सिंहदरबारमा हैकम जमाउन व्यस्त सरकारी निकाय जनताको मनमा बस्ने गरी काम गर्न पूर्णतया असफल हुँदै आइरहेको छ । आम जनताले अहिले पनि मुलुकमा सरकार भएको अनुभूति गर्न सकेका छैनन् । खै कहाँ छ सरकार ? के गर्दैछ सरकार ? विकट गाउँबस्ती र झुपडीमा बस्नेहरूको बारम्बारको प्रश्न हो यो ।

दूर-दराजमा बस्ने नागरिकहरूले मुलुकमा सरकार नभएको अनुभूति गरे पनि तिनै जनताको करबाट सिंहदरबारका आलिसान महलमा बसेका र अकुत सम्पत्ति आर्जन गर्न उद्दत मनुवाहरूको राजसी ठाँट देख्दा नागरिकमा आक्रोश पैदा हुनु स्वभाविक हो । जताततै भद्रगोल छ । राज्यसंरचना पुरै भ्रष्टीकरणले थिलोथिलो छ । कुशासनको जालोले सबै क्षेत्रलाई गाँठो पारेको छ । त्यसैले पनि मुलुकमा विकास र समृद्धि अवरुद्ध हुँदै आएको छ । यो सबै हाम्रा शासक र सरकारहरूले देखाउँदै आएको भ्रष्ट चरित्रको उपज हो । साथै उनीहरूको भ्रष्ट चरित्रले सिर्जना गरेको समस्या हो । हामी कहाँ जनतालाई समृद्ध र धनी बनाउने विषय शासकको दिमागमा कहिल्यै पनि आउँदैन । त्यसैले पनि गरिब जनताहरू सधैं गरिबीको दुश्चक्रमा पिल्सिएर बस्न र विभिन्न खाले विपत्तिको सामना गर्न विवश छन् । विपत्तिको बढी मार सर्वसाधारण र विपन्न जनताले भोग्नुपर्छ ।

केन्द्र, प्रदेश र स्थानीय गरी मुलुकमा ७६१ वटा सरकार छन् तर पनि रोजगारी सिर्जना गर्ने विषय कुनै पनि सरकारको प्राथमिकतामा पर्दैन । मुलुकमा बढ्दो बेरोजगारीका कारण वर्षेनी १० लाख भन्दा बढी युवाहरू विदेशिनु पर्ने अवस्था छ । स्वदेशमा रोजगारी छैन । इलम गरेर खाने वातावरण सरकारले दिन सकेको छैन । स्वास्थ्य र शिक्षामा बढ्दो व्यापारीकरणले निकै महङ्गो हुन पुग्दा जनताहरू थप आक्रान्त बन्ने गरेका छन् । हाम्रा शासकहरूमा सदाचारको अभाव हुँदा देशवासीले समस्या र संकट व्यहोर्नु परेको हो । हाम्रा प्रधानमन्त्री, मन्त्री , मुख्य सचिव, सचिव तथा अन्य उच्च राजनीतिक नेतृत्व आफ्नो आदर्श मुल्य र मान्यतामा अडिग हुन सके र सदाचारी हुन सके भने पनि मुलुकमा देखिएको बेरोजगारी समस्या, शिक्षा, स्वास्थ्यको समस्यामा कमी भएर जान सक्थ्यो ।

सत्यलाई स्वीकार गर्ने, सत्यलाई सामना गर्ने र सत्यका निम्ति जस्तो सुकै दु:ख बेहोर्न सक्ने हिम्मत नै सदाचारिता हो । सदाचार यस्तो गुण हो जुन जस्तोसुकै प्रभाव र दवाबबाट पनि भाचिँदैन । कसैले नहेरेको वा नदेखेको अवस्थामा पनि आफ्नै अन्तस्करणबाट आफू को हूँ र आफ्नो गन्तव्य के हो ? भन्ने कुरामा अविचलित रहने चरित्र नै सच्चरित्रता हो । चरित्रको पूर्णता, विस्तृता र व्यापकता नै सदाचारिता हो । यो सम्झौता वा छनौटमा आधारित हुँदैन । यो अविच्छिन्न, नित्य र सम्झौताहिन प्रकृतिको हुन्छ । यो परिस्थिति सापेक्ष हुँदैन । सबै परि स्थितिमा पनि व्यक्तिले प्रदर्शन गर्ने सोचाइ, बोलाइ र गराइको एकीकृत मुल्य प्रणाली हो । विजय वा पराजय, प्राप्ति वा अप्राप्ति जे सुकै भएपनि नैतिक मार्गदर्शनमा अविचलित हिँडिरहने प्रतिज्ञा नै सदाचारिता हो । अब हाम्रा शासकहरू तथा राजनीतिक नेतृत्व तन मनले सच्चिएर नैतिक बन्नै पर्छ । अन्यथा उनीहरू पतन हुन तयार रहनुपर्छ ।

व्यक्तिगत फाइदासँग शक्तिको साट्फेर भ्रष्टाचार हो । यस्तो प्रवृत्तिले सदाचारितालाई नष्ट गर्छ । सार्वजनिक ओहोदामा बसेकालाई अनैतिक बनाउँछ । नेपालका पछिल्ला शासकहरूको गतिविधिलाई राम्ररी नियाल्ने हो भने उनीहरू मध्ये अधिकांशले व्यक्तिगत फाइदाका लागि शक्तिको साट्फेर गरेका छन् । जसका कारण उनीहरू हदैसम्मको अनैतिक बनेका छन् । यदि उनीहरूको सम्पत्ति छानबिन गर्ने हो भने केही अपवादलाई छोडेर अधिकांश शासकहरू तस्करको रूपमा परिणत भइ जेलको बास बस्नु पर्ने अवस्था छ ।

सैद्धान्तिक रूपमा भन्नुपर्दा सार्वजनिक अधिकारी सार्वजनिक हित प्रवर्धनको लागि मात्र नियुक्त भएका हुन्छन् भ्रष्टाचार गर्न होइन । यस अर्थमा भ्रष्टाचार सार्वजनिक अधिकारीको सामान्य होइन विचलित व्यवहार हो । सदाचार प्रवर्धन गर्ने भनेको शक्तिको व्यापार गर्ने असंख्य अवसरबाट घेरिएको निर्वाचित वा नियुक्त सार्वजनिक अधिकारीलाई भ्रष्टाचार गर्नबाट रोक्नु हो । सदाचारिता गुमाएका ब्यक्तिको आचरणका सम्बन्धमा अनुमान गर्न सकिँदैन ।

अनिश्चित स्वभाव भएका ब्यक्तिलाई विश्वास गर्न सकिँदैन । शासकीय पद्धतिमा त्यस्ता अविश्वसनीय ब्यक्तिहरूको उपस्थितिले शासन प्रणालीलाई भताभुङ्ग पार्दछ । यसर्थ सदाचारको विपरित अवस्था नै भ्रष्टाचार हो । मेहनत विना धन आर्जन गर्न खोज्ने व्यक्तिले छोटो उपायको खोजी गर्छन् । त्यस्ता छोटो उपाय खोज्ने राजनीतिक नेतृत्व तथा कर्मचारीले आफ्नो जिम्मेवारी , कर्तव्य र मुल्यहरूसँग सम्झौता गर्छन् र भ्रष्टाचारमा अभ्यस्त हुन्छन् । आज हामी कहाँ यस्तै व्यक्तिहरूको वर्चस्व छ ।

राजनीतिक नेतृत्व होस् कि प्रशासनिक नेतृत्व होस् । भ्रष्टाचारको आहालमा डुबेका राजनीतिक र प्रशासनिक नेतृत्व सच्चिने लक्षण नै देखिएको छैन । त्यसैले पनि पछिल्ला निर्वाचनमा बालेन, रवि , हर्क , गोपीहरूको उदय हुन पुगेको हो । यदि अहिलेका शासकहरू अझै सच्चिएनन् भने बालेन, रविहरूले आगामी दिनमा पुराना दलहरूलाई संकटग्रस्त अवस्थामा पुऱ्याउने सहजै अनुमान लगाउन सकिन्छ । त्यसैले पुराना दल र शासकहरू सच्चिएर भ्रष्टाचार न्यूनीकरणमा ध्यान दिनै पर्छ आफ्नो अस्तित्व जोगाउनका लागि पनि ।

विभिन्न देशको अनुभवले के देखाउँछ भने भ्रष्टाचार एकै पटक उन्मूलन गर्न नसकिए पनि यसलाई विस्तारै न्यूनीकरण भने गर्न सकिन्छ । क्लिजगार्ड सदाचारिता मार्फत् भ्रष्टाचार उन्मूलन गर्न नसकिए पनि घटाउन चाहिँ सकिन्छ भन्दछन् । सिंगापुर, थाइल्याण्ड, हंङकंङ आदि देशको अनुभवले छोटो अवधिमा पनि भ्रष्टाचार नियन्त्रणमा सफतलता प्राप्त गर्न सकिन्छ भन्ने देखाएको छ ।

कम विकसित देशमा भ्रष्टाचारको प्रमुख श्रोत सार्वजनिक कोष हो । निर्वाचन परि चालनको लागी वढ्दो खर्च, सदावहारको उन्मुक्ति, कर्मचारीको न्युन तलव, नियन्त्रण निकायमा देखिने राजनीतिक प्रभाव आदिका कारण नेपालमा भष्टाचार मौलाएको छ । कठोर राजनीतिक प्रतिबद्धता, राजनेताको त्याग र वलिदान, र्भ्रष्टाचार विरोधी निकायको पुन: संरचना , सम्पत्ति र आम्दानीमा पारदर्शिता, सार्वजनिक अधिकारी र सर्वसाधारणको व्यवहार परिवर्तन , भ्रष्टाचार विरोधी तथा नैतिकता र सदाचार प्रवर्द्धन गर्ने कानुन कार्यान्वयनमा प्रभावकारिताबाट भ्रष्टाचार घट्ने र सदाचारिता कायम हुने अन्तर्राष्ट्रिय अनुभवले देखाएको छ ।

त्यसै गरी शासकीय अंगहरू बीच नियन्त्रण र सन्तुलनको व्यवस्था, सार्वजनिक गतिविधि माथिको तेश्रो आँखाको बलियो निगरानी, स्वतन्त्र सञ्चार माध्यम, नागरिक समाजको संरक्षण र प्रवर्धन, निर्वाचन खर्चमा नियन्त्रण, मतदाता शिक्षा, कम खर्चिलो निर्वाचन प्रणाली र सरकार सञ्चालन व्यवस्था, सरकारका गतिविधिमा नागरिकको सहभागिता अभिवृद्धि, प्रतिस्पर्धात्मक राजनीतिक व्यवस्था, उदार अर्थ राजनीति जस्ता उपायले पनि सदाचार कायम गर्न सघाउ पुग्छ ।

हामी कहाँ पनि केहि समय अघि सार्वजनिक पदाधिकारीहरूलाई पुर्ण रूपमा सदाचारितामा राख्ने गरी सदाचार नीति ल्याउन खोजिएको थियो । सदाचार नीतिको मस्यौदा समेत बनाइएको थियो तर सो मस्यौदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालमा नै गायब पारिँदै आइएको छ । प्रधानमन्त्री कार्यालयमा नै सदाचार नीतिको मस्यौदा गायब हुनुले शासकहरूको भ्रष्टीकरणलाई सहजै पुष्टि गर्छ । २०७४ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले प्रधानमन्त्री भएकै दिन सदाचार नीति ल्याउने निर्णय गरेपनि पछि उनी सो नीति ल्याउन असफल भएका थिए ।

त्यसपछि फेरी प्रधानमन्त्री बनेका देउवा, त्यसपछि प्रधानमन्त्री बनेका पुष्पकमल दाहाल प्रचण्ड र हाल प्रधानमन्त्री बनेका केपी शर्मा ओलीले समेत सदाचार नीति ल्याउने विषयलाई प्राथमिकतामा राख्न नसक्नुले सुशासन कायम गर्ने उनीहरूको बोली र व्यवहारमा उल्टोपन रहेको सहजै अनुभूत गर्न सकिन्छ । सो नीति आएमा सबै सरकारी पदाधिकारीहरू कडा आर्थिक र नैतिक अनुशासनमा बस्नुपर्ने हुदा पनि सरकारी पदाधिकारीहरू आफैं सो नीति ल्याउने कार्यमा अवरोधकको रूपमा देखिएका छन् । उनीहरूको यस्तो कार्यले देशभरमा खोज्न थालिएको सदाचारी र नैतिक शासक पाउन समेत ठूलो कठिनाई उत्पन्न हुने देखिएको छ ।

यसको असर र दुर्दशा अझै पनि देश र जनताले लामो समय सम्म भोग्नुपर्नेछ । सदाचारिता र सुशासनको अभावमा देश झनै बढी कुशासनको चक्रमा पर्ने भय देखिएको छ । शासकहरूमा सुधार आउने कुनै लक्षण देखिएको छैन । जनताहरूले पनि सदाचारी शासकको खोजी मात्रै गरेका छन् तर सो अनुसार देशव्यापी अभियान सञ्चालन गर्न आम जनसमुदाय पनि असफल हुँदै आएका छन् । जनताले अब सदाचारी र नैतिकवान् शासक खोज्ने मात्रै होइन कुशासन विरुद्ध सशक्त अभियान थाल्नै पर्छ । नागरिक समाज सुशासन र सदाचारिताको लागि एकीकृत रूपमा जाग्नै पर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# नेपाली वित्तीय संस्थाहरूमा मानव संसाधन व्यवस्थापन अभ्यासको प्रभाव

✍ डा. सविता भण्डारी

मानव संसाधन व्यवस्थापन (ह्युमन रिसोर्स म्यानेजमेन्ट- एचआरएम) अभ्यासहरूले वित्तीय संस्थाहरूको परिचालन, दक्षता र प्रतिस्पर्धात्मक लाभलाई आकार दिन महत्त्वपूर्ण भूमिका खेल्छन् । उदार अर्थतन्त्रको आगमन र भूमण्डलीकरणको शक्तिले एचआरएम अभ्यासहरूमा तीव्र परिवर्तन निम्त्याएको छ, जसले नेपालमा प्रतिस्पर्धात्मक लाभलाई बलियो बनाउने माध्यमका रूपमा 'संगठनात्मक नागरिकता व्यवहार' (अर्गनाइजेसनल सिटिजनसिप बिहेभियर- ओसीबी)लाई महत्त्वपूर्ण रूपमा प्रभाव पारेको छ । समकालीन व्यावसायिक वातावरणमा मानव संसाधनलाई मानव पुँजीका रूपमा लिइन्छ । प्रतिस्पर्धात्मक लाभ बढाउन र वित्तीय संस्थाहरूभित्रका व्यवसायसहित व्यवसाय सञ्चालनको स्थिरता सुनिश्चित गर्नका लागि एक महत्त्वपूर्ण चालकका रूपमा सेवा गर्दछ । यो आलेख एचआरएमका चार प्रमुख आयाम (प्रशिक्षण र विकास, प्रदर्शन मूल्यांकन, क्षतिपूर्ति प्रणाली र कर्मचारी सहभागिता)मा केन्द्रित छ ।

**मानव संसाधन व्यवस्थापन**

मानव संसाधनमा संगठनमा काम गर्ने माथिल्लो तहदेखि मातहतका तहसम्मका सबै व्यक्ति पर्छन् । यसले कर्मचारीहरूको कौशल, मनोवृत्ति, ज्ञान र प्रदर्शनको प्रतिनिधित्व गर्दछ । हाल कर्मचारीहरूलाई संगठन वा संस्थाको सम्भावित स्रोतहरूको रूपमा लिइन्छ र यो मानव संसाधन व्यवस्थापनको एक महत्त्वपूर्ण भाग हो । मानव संसाधन व्यवस्थापन प्रकार्यले जनशक्ति व्यवस्थापनका लागि आवश्यक सबै गतिविधिलाई बुझाउँछ । यसले मानव संसाधनको प्रभावकारी प्रयोगको माध्यमबाट कर्मचारीहरूको संगठनात्मक र व्यक्तिगत हितहरू संयोजन गर्दछ । एचआर एमको अवधारणाले विभिन्न संगठनात्मक चुनौतीहरूको सामना गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

'एचआरएम' अभ्यासहरूले कर्मचारीको भर्ती वा चयन, प्रशिक्षण र विकास, प्रदर्शन मूल्यांकन, करिअर योजना, क्षतिपूर्ति, कर्मचारी सहभागिता र जागिरको डिजाइनसहित महत्त्वपूर्ण चरहरूको दायरा समावेश गर्दछ । 'एचआरएम'ले संगठनभित्र मानव संसाधनको कुशल र रणनीतिक प्रशासनलाई बुझाउँछ । व्यक्तिगत, संगठनात्मक र सामाजिक लक्ष्यहरू हासिल गर्नका लागि मानव संसाधन आवश्यक हुन्छन् । मानव संसाधन प्राप्त गर्न, तिनीहरूको विकास र प्रयोग गर्न र तिनीहरूलाई कायम राख्नका लागि एक व्यवस्थित प्रक्रिया 'एचआरएम'ले दिएको हुन्छ । प्रमुख 'एचआरएम' कार्यहरूमा भर्ती र चयन, पुरस्कार र क्षतिपूर्ति, प्रदर्शन मूल्यांकन, प्रशिक्षण र विकास, औद्योगिक सम्बन्ध र गुनासो, अनुशासनको ह्यान्डलिङ आदि समावेश छन् ।

यस चित्रले मानव संसाधन व्यवस्थापन (एचआरएम) अभ्यासहरू र संगठनात्मक नागरिकता व्यवहार (ओसीबी) बिचको सम्बन्धलाई हाइलाइट गर्ने वैचारिक ढाँचाको प्रतिनिधित्व गरेको छ । यस फ्रेमवर्कले एचआरएम अभ्यासहरूको प्रमुख आयामहरूमा जोड दिन्छ, जसमा प्रशिक्षण र विकास, प्रदर्शन मूल्यांकन, क्षतिपूर्ति प्रणाली र कर्मचारी सहभागिता समावेश छन् । यी एचआर एम अभ्यासले सामूहिक रूपमा कर्मचारीहरूको व्यवहार र मनोवृत्तिलाई प्रभाव पार्छ, जसले पछि 'संगठनात्मक नागरिकता व्यवहार' (अर्गनाइजेसनल सिटिजनसिप बिहेभियर) मा सुधार ल्याउँछ । 'एचआरएम' मौलिक रूपमा एक व्यवस्थित व्यवस्था हो र संगठनभित्र मानव संसाधन, दक्षता र ऊर्जाको ह्यान्डलिङ हो । यसको प्राथमिक उद्देश्य संगठनका लक्ष्यहरू यसको कर्मचारीहरूको लक्ष्यहरूसँग संरेखित (पंक्तिबद्ध) गर्नु हो, जसले पारस्परिक लाभकारी सम्बन्धलाई बढावा दिन्छ । यस प्रक्रियामा सबैभन्दा प्रभावकारी तरिका मानव पुँजीको व्यवस्थापन हो, यस अन्तर्गत संगठनात्मक सफलताका लागि कर्मचारीहरूको चयन र विकासमा ध्यान दिइन्छ र कर्मचारीलाई प्रेरित गर्न पुरस्कृत पनि गरिन्छ ।

**बैंकहरूमा "एचआरएम"**

नेपाली वाणिज्य बैंकहरूको सन्दर्भमा 'एचआरएम'ले कर्मचारीको दक्षता बढाउन र व्यावसायिक सफलतालाई बढावा दिन महत्त्वपूर्ण भूमिका खेल्छ । यी बैंकका अधिकारीले कर्मचारी विकासलाई समर्थन गर्न एचआर (ह्युमन रिसोर्स) रणनीतिहरूसँग ज्ञान व्यवस्थापन (केएम) रणनीतिलाई संरेखित गर्ने मूल्यलाई पहिचान गर्छन् । यो संरेखण (मोनोग्राम)ले उनीहरूलाई टिमवर्कको लाभ उठाउन, अधिकार प्रत्यायोजन गर्न, विविध प्रशिक्षण कार्यक्रमहरू र नेतृत्व दृष्टिकोणहरू अपनाउन सक्षम बनाउँछ ।

व्यावसायिक रणनीति, केएम र एचआर अभ्यासहरूको एकीकरणले नेपाली वाणिज्य बैंकहरूको बजार र वित्तीय प्रदर्शनमा सकारात्मक प्रभाव पार्छ । यति हुँदाहुँदै पनि बजार तथा वित्तीय उद्देश्य प्राप्तिका लागि मातहतका कर्मचारीलाई उत्प्रेरित गर्ने कार्यमा र आवश्यक स्रोत-साधनको बाँडफाँडमा नेतृत्वको भूमिका कम प्रभावकारी देखिएको छ । यसले कर्मचारीलाई प्रेरित गरी गुणस्तीय सेवा लिने बलियो नेतृत्वो आवश्यकतालाई उजागर गर्दछ । साथै, उत्पादन तथा सेवाको गुणस्तर वृद्धि गर्न, नवप्रवर्तनलाई प्रोत्साहन गर्न र नेपालको व्यावसायिक बैंकिङ क्षेत्रमा प्रतिस्पर्धात्मक क्षमता कायम गर्न मानव पुंजी, सूचना प्रविधि, पूर्वाधार र अनुसन्धान तथा विकास (आर एन्ड डी) कार्यक्रमहरूमा अझ बढी लगानी आवश्यक छ । यी क्षेत्रलाई प्राथमिकता दिएर वाणिज्य बैंकहरूले निरन्तर सुधार र नवीनताको संस्कृतिलाई बढावा दिँदै बलियो वित्तीय प्रदर्शन र बजार वृद्धि हासिल गर्न सक्छन् ।

नेपाली बैंकर र निर्णयकर्ताहरू अहिले घरेलु र अन्तर्राष्ट्रिय दबाबबाट उत्पन्न विभिन्न चुनौतीहरूको सामना गरिरहेका छन् । सन् १९९० देखि नेपालले आफ्नो अर्थतन्त्रलाई उदारीकरण गर्ने र दिगो विकासलाई बढावा दिने उद्देश्यले आर्थिक सुधारका नीतिहरूको शृंखला लागु गर्दै आएको छ । प्रजातन्त्रको पुनर्स्थापना (बहुदलीय व्यवस्था)ले अन्य उद्योगहरूको तुलनामा बैंकिङ क्षेत्रमा उल्लेखनीय वृद्धिका साथ एक महत्वपूर्ण मोडलाई चिह्नित गऱ्यो । आर्थिक विकासमा बैंकिङ क्षेत्रको महत्त्वपूर्ण भूमिकालाई स्वीकार गर्दै नेपाल सरकारले उत्पादन तथा सेवा क्षेत्रको प्रतिस्पर्धात्मक क्षमतालाई मजबुत बनाउन प्रमुख सुधारका पहल अघि सारेको छ ।

सरकारले अर्थतन्त्रमा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गर्न सक्रिय कदम चाल्दै आएको छ । निजी लगानीकर्ताको लगानी प्रवर्द्धन गरी मुलुकको उत्पादन क्षमता अभिवृद्धि गर्ने, आधुनिक प्रविधि भित्र्याउने र विदेशी पुँजी भित्र्याउने सरकारको लक्ष्य छ । व्यवस्थापकीय र प्राविधिक विशेषज्ञता हस्तान्तरण गर्ने प्रयास पनि गरिएको छ, जसले ज्ञान हस्तान्तरणमा सहयोग पुऱ्याउँछ र औद्योगिक आधुनिकीकरणलाई बढावा दिन्छ । यी संयुक्त प्रयासहरूको उद्देश्य नेपाललाई क्षेत्रीय र विश्वव्यापी अर्थ व्यवस्थामा अधिक प्रतिस्पर्धी खेलाडीका रूपमा स्थापित गर्नु हो । अर्थात् देशको वित्तीय र औद्योगिक क्षेत्रमा दिगो वृद्धि र विकासलाई अगाडि बढाउनु हो ।

बितेका दुई दशकमा नेपालको बैंकिङ उद्योगले व्यवसायको परिमाण र बजारको आकारका हिसाबले उल्लेखनीय वृद्धि हासिल गरेको छ । यद्यपि यो विस्तारका बाबजुद सार्वजनिक र निजी क्षेत्रका बैंकहरूले निरन्तर चुनौतीको सामना गरिरहेका छन्, यसले उनीहरूको स्थिरता र स्थायित्वलाई खतरामा पार्छ । धेरै बैंकहरूको परिचालन प्रदर्शनमा हालैका अनुसन्धानले पर्याप्त वित्तीय नोक्सानीहरू प्रकट गरेका छन्, यसमा अप्रभावी व्यवस्थापन, गलत कर्मचारी युनियनहरू र कमजोर मानव संसाधन व्यवस्थापन (एचआरएम) अभ्यासहरू लगायत जिम्मेवार छन् ।

प्रतिस्पर्धात्मक क्षमता कायम गर्न र दीर्घकालीन दिगोपना सुनिश्चित गर्न नेपाली बैंकहरूले रणनीतिक 'एचआरएम' अभ्यासहरू अपनाएर आफ्नो बजार स्थितिलाई सुदृढ पार्नुपर्छ । प्रभावकारी एचआरएमले विशेष गरी ज्ञान व्यवस्थापन र कार्यबल विकासको क्षेत्रमा बैंकहरूलाई उनीहरूको बजार हिस्साको रक्षा र विस्तार गर्न सक्षम बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ । ज्ञान व्यवस्थापन रणनीतिको लाभ उठाएर बैंकहरूले कर्मचारी क्षमता बढाउन, निरन्तर सिकाइलाई बढावा दिन र गतिशील बजार परिस्थितिहरूमा अनुकूलन गर्न सक्छन् । यसबाहेक नेपाली बैंकहरूले सफलताको प्रमुख चालकको रूपमा मानव पुँजीलाई प्राथमिकता दिने संगठनात्मक रणनीतिहरू विकास गर्न आवश्यक छ । सक्षम कर्मचारीको पहिचानले नै संगठनात्मक प्रदर्शनमा सबैभन्दा बढी योगदान गर्छ ।

**निष्कर्ष**

नेपालमा मानव संसाधन व्यवस्थापन (एचआरएम) का लागि समकालीन मानव संसाधन विकास (एचआरडी) सिद्धान्तहरू अनुरूप काम गर्न, दक्षता अभिवृद्धि गर्न र प्रभावकारी प्रशिक्षण नीति, पुरस्कार र क्षतिपूर्ति प्रणाली स्थापना गर्न आवश्यक छ । अपर्याप्त कर्मचारी सम्बन्ध, कमजोर सञ्चार, व्यक्तित्व द्वन्द्व, असंगत भूमिका र हैसियत, राजनीतिक हस्तक्षेप र अस्पष्ट व्यावसायिक सम्बन्धका कारण धेरै नेपाली संस्थाहरूले चुनौतीहरूको सामना गरिरहेका छन् । यस्ता समस्या नेपालमा मात्र होइन, विश्वका विकासोन्मुख देशमा पनि व्याप्त छन् । सुपर भाइजर र अधीनस्थहरूबिच समय-समयमा सञ्चार हुनुले संगठनहरूभित्र प्रभावकारी सम्बन्ध कायम राख्न महत्वपूर्ण भूमिका खेल्छ । औद्योगीकरणको पछिल्लो लहरसँगै नेपालमा बैंक तथा वित्तीय संस्थाहरूको एचआरएम फ्रेमवर्कमा महत्वपूर्ण परिवर्तन भइरहेको छ । संगठनहरूले कुशल र सक्षम कर्मचारीहरूको भर्ती र कायम राख्ने उद्देश्यले आधुनिक एचआरएम अभ्यासहरू अपनाइरहेका छन् ।

*(साभार: रातोपाटी)*

# रविले खोजे बालेन र विवेकशीलको साथ

काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का निलम्बित सभापति रवि लामिछानेमाथि लागेको अभियोग अदालतको प्रारम्भिक जाँचमा प्रवेश गरेका बेला पार्टीले अन्य वैकल्पिक शक्तिहरूको साथ खोज्न थालेको छ । लामिछानेनिकट सह-कोषाध्यक्ष दिपक बोहोरा लगायत रास्वपाका नेताहरूले काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह र विवेकशील साझा पार्टीका नेताहरूसँग लामिछानेको पक्षमा बोलिदिन भन्दै संवाद थालेका हुन् ।

मेयर बालेनको सचिवालय स्रोतका अनुसार, विभिन्न स्रोतमार्फत सम्पर्क गरेर रास्वपाका नेताहरूले लामिछानेको पक्षमा टिप्पणी गरि दिन भन्दै आग्रह गरिरहेका छन् । 'सचिवालयदेखि अरु सम्पर्क सुत्र प्रयोग गरेर उहाँहरूले अनुरोध गरि रहनु भएको छ, तर मेयर सा'बले अहिलेसम्म यो विषयमा कुनै प्रतिक्रिया जनाउनुभएको छैन', स्रोतले भन्यो, 'उहाँ पर्ख र हेरकै स्थितिमा हुनुहुन्छ ।'

रास्वपाबाट सहयोगको प्रस्ताव राख्नेहरूले भने लामिछानेले बालेनलाई स्थानीय तह निर्वाचनका बेला पनि सहयोग गरेको भन्दै उनको पक्षमा उभिन आग्रह गर्दै आएका छन् । तर, बालेनको कुनै सन्देश रास्वपा नेताहरूले पाएका छैनन् । बरु रास्वपा कार्यकर्ताहरूले बालेनले रविको रिहाइका लागि आग्रह गरेको भन्दै फेसबुक पोष्टको फेक स्क्रिनसट सामाजिक सञ्जालमा भाइरल गराएपछि बालेनले असन्तुष्टि जनाएका थिए । रवि समातिएको केही दिनपछि भाइरल भएको पोष्टमा भ्रष्टाचारविरुद्ध बोलेका कारण उनलाई पक्राउ गरिएको दाबी गरिएको थियो ।

तर, लेख्दै नलेखेको कुरा भाइरल गराइएपछि मेयरको सचिवालयले झुट फैलाउन खोजिएको भन्दै त्यसलाई नरोकिए कानूनी उपचार खोज्ने प्रतिक्रिया दिएको थियो । रास्वपाका नेताहरू पनि पार्टीले अरु शक्तिको साथ खोजेको अस्वीकार गर्दैनन् ।

'सरकारले अन्याय गरि रहेको कुरा आमजनतामा बुझाउनुपर्ने छ, यस्तोमा वैकल्पिक शक्तिहरूसँग संवाद हुनु सामान्य कुरा हो', रास्वपाका एक पदाधिकारीले संचारकर्मीसँग भने, 'त्यसक्रममा यथासम्भव भएसम्म स्वतन्त्र र अन्य दलका साथीहरूसँग विभिन्न च्यानल मार्फत् कुरा भइरहेको छ ।'

त्यही क्रममा विवेकशील साझा पार्टीका पूर्वअध्यक्ष मिलन पाण्डेले बुधबार पोखरा पुगेर सभापति लामिछानेसँग भेट गरेका छन् । रास्वपा स्रोतका अनुसार,





भेटका क्रममा लामिछानेले सरकारले वैकल्पिक शक्तिको उदयप्रति नर करात्मक भावना राखेर दुःख दिएको भन्दै यसबारे सबैलाई बुझाउनुपर्ने बताएका थिए ।

'झट्ट हेर्दा यो मविरुद्धको मुद्दा जस्तो देखिए पनि सरकारले फरक सन्देश दिन खोजेको छ, खासमा यो मुद्दाबाट म बाहिरिँदा अझ बलियो भएर आउने ठाउँ रहन्छ, त्यसले अरु वैकल्पिक शक्तिलाई पनि फाइदा गर्छ', लामिछानेको भनाइ उदृत गर्दै स्रोतले भन्यो, 'नभए वैकिल्पक शक्तिमा रहनु भएका सबैजना यो परिस्थितिबाट गुज्रिनुपर्छ ।' पाण्डेले भने लामिछानेलाई स्वास्थ्य स्थिति र मुद्दाका सामान्य विषयमा जिज्ञासा राखेको विवेकशील पार्टी स्रोतले जनाएको छ । पोखरामै रहेका विवेकशीलका नेता एवं पूर्वबागमती प्रदेश सांसद् रमेश पौड्यालले समेत रास्वपाका नेताहरूसँग भेट गरेका थिए । सांसद् शिशिर खनाल, विराजभक्त श्रेष्ठ लगायतसँग उनको भेट भएको थियो ।

त्यसक्रममा उनले लामिछाने विरुद्धको मुद्दा अदालती जाँचको चरणमा प्रवेश गरिसकेकाले नतिजा हेर्नुको विकल्प नरहेको बताएका थिए । पार्टीका उपाध्यक्ष प्रकाशचन्द्र परियार भने रास्वपाका नेताहरू आफूहरूसँग पहिल्यैदेखि निरन्तर सम्पर्कमा रहेको बताउँछन् ।

'दुवै वैकल्पिक शक्ति भएकाले कुराकानी हुनु स्वभाविक पनि हो, कसैले व्यक्तिगत रुपमा कसैले पार्टीगत रुपमा भेटिरहनु भएकै हुन्छ', उनले भने, 'वैकल्पिक शक्तिबीच सहकार्य, एकीकरण र धुव्रिकरणको मार्ग सधैं खुला राख्नुपर्छ भन्ने दुवै दलको बुझाइ पनि हो, त्यसैले यसलाई अन्यथा लिनु हुँदैन ।' स्रोतका अनुसार, २०७९ सालको प्रतिनिधिसभा निर्वाचन अघि विवेकशील साझा पार्टीले लामिछानेसँग मिलेर अघि बढ्न प्रस्ताव समेत राखेको थियो । तत्कालीन पार्टी महामन्त्री डा. मुकुल ढकालसँग यसबारे छलफल भएको थियो । तर, लामिछानेले त्यसबेला सकारात्मक जवाफ नदिएको विवेकशील साझा पार्टीका नेताहरू बताउँछन् ।

'विराजभक्त श्रेष्ठ, पुकार बम लगायतका साथीहरू त्यता जानुभएपछि पार्टीकै तहमा पनि छलफल भएको थियो', यसबारे जानकार एक नेताले भने, 'तर, पार्टीगत रुपमै एकठाउँमा भएर जान उहाँले सकारात्मक जवाफ दिनु भएको थिएन ।' २०७९ मंसिरमा भएको चुनावमा रास्वपाले अप्रत्यासित सफलता हात पाऱ्यो । प्रत्यक्षतर्फ ७ सिट जितेको रास्वपा २१ सांसदसहित प्रतिनिधिसभाको चौथो ठूलो दल बन्यो । पार्टी स्थापनाको छोटो अवधिमै सभापति लामिछाने माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको मन्त्रिपरिषद्मा गृहमन्त्री नै बने ।

नागरिकता विवादमा सर्वोच्च अदालतले १३ माघ २०७९ मा उनलाई पदमुक्त गरिदियो, तर फेरि निर्वाचित भएर दोस्रो पटक समेत लामिछाने गृह मन्त्रालयमा दोहोरिए । लामिछाने गृहमन्त्री छँदा काठमाडौंका मेयर बालेनले राजधानीको सुकुम्बासी समस्या समाधानका लागि उनको साथ खोजेका थिए । बालेनले त्यसका लागि २०७९ माघ दोस्रो साता गृह मन्त्रालयलाई पत्राचार नै गरेका थिए ।

पछि उनले लामिछानेलाई मन्त्रालयमै पुगेर भेट्दै काठमाडौंमा सुकुम्बासी समस्या समाधानका लागि सहयोग गरिदिन अनुरोध गरेका थिए । लामिछानेले प्रक्रिया पूरा गरेर समस्या समाधान गर्ने जवाफ फर्काएका थिए । यद्यपि, बालेनले गृह प्रशासनबाट सकारात्मक सहयोग पाएनन् । केन्द्र सरकारको अनिच्छाका कारण नेपाल प्रहरीले थापाथली लगायतका क्षेत्रका सुकुम्बासी हटाउन सहयोग नगरेको बालेनको निष्कर्ष थियो । लामिछानेबाट यो मामलामा सहयोग नपाएपछि दुईबीच सम्बन्धमा दूरी बढ्न थालेको थियो ।

त्यसो त चितवनमा उपनिर्वाचन भएका बेला बालेनलाई सहयोगका लागि बोलाउने प्रयास भएको थियो । तत्कालीन महामन्त्री मुकुल ढकाल, केन्द्रीय सदस्य गणेश कार्की लगायतको निमन्त्रणमा उनी चितवन पुगे पनि लामिछानेसँग भने भेट भएन । त्यसबेला लामिछानेलाई पनि बालेनले आफूलाई सहयोग नगरेको भन्ने परेको थियो ।

काठमाडौं महानगरले लामिछाने गृहमन्त्री भएकै बेला २२ चैत २०८० मा उनकी पत्नी निकिता पौडेल आबद्ध साई स्वागत सहकारीमा छापा मारेर केही कागजहरू नियन्त्रणमा लिएको थियो । यो घटनापछि बालेन-रवि मनमुटाव थप चर्किन पुग्यो । यद्यपि, महानगरको यो कदमपछि लामिछानेले बालेनलाई मन्त्रालय बोलाएर छलफल समेत गरेका थिए ।

जानकारहरूका अनुसार, रास्वपा नेताहरूबीच पछिल्लो समय हर्क साम्पाङसँग समेत संवाद गर्नुपर्ने विषयमा छलफल भएको थियो । लामिछानेले एकपटक स्वतन्त्रबाट निर्वाचित भएको हिसाबले बालेन र साम्पाङसँग आफ्नो सम्बन्ध सौहार्दपूर्ण रहेको भन्दै दुवैलाई पार्टीमा समेट्न कोशिश गर्ने बताएका थिए ।

यद्यपि, पछि साम्पाङले समेत लामिछानेको आलोचना गरेका थिए । कीर्तिपुरमा १६ मंसिर २०८१ मा उपनिर्वाचन हुँदा मेयर पदका उम्मेदवार राजमान मानवलाई सहयोग गर्न चुनावी अभियानमा आउँदा उनले लामिछानेप्रति कटाक्ष गरेका थिए । 'स्वतन्त्र मात्र भनेर भएन, कोही जनप्रतिनिधि जनतासँग फोटो खिचाउन पनि मान्दैनन् । कोही कति अर्ब ठगी, कति अर्ब भ्रष्टाचारमा मुछिए भन्छन्, यस्तोमा सही स्वतन्त्रलाई चुन्नुपर्छ', उनले भनेका थिए ।

हर्क मनमौजी भएको भन्दै उनलाई नचिढ्याउने बरु अरुको साथ खोज्ने भन्ने रास्वपा नेताहरूको बुझाइ छ । रास्वपाको सन्देशपछि नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई पनि २१ मंसिरमा लामिछानेलाई भेट्न पोखरा पुगेका थिए । जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा पुगेर लामिछानेलाई भेट गरेपछि उनले राज्यबाट एकपछि अर्को ढंगमा रविमाथि दुःख दिने काम भइरहेको टिप्पणी गरेका थिए । 'जुन राजनीतिक शक्तिहरू उदय भइराखेको छ, तीमध्येको एउटा सशक्त धार गठन गर्ने व्यक्तिको रुपमा म उहाँलाई बुझ्छु,' उनले भनेका थिए, 'त्यसैले उहाँप्रति मेरो सधैं सद्भाव पनि छ ।'

जिल्ला प्रहरी कार्यालय, कास्कीले गरेको अनुसन्धानका आधारमा तयार प्रतिवेदनमा केन्द्रीत रहेर सरकारी वकिलको कार्यालयले ७ पुसमा लामिछानेविरुद्ध अदालतमा मुद्दा दर्ता गराएको थियो । सरकारी वकिलले दायर गरेको अभियोग-पत्रमा पोखराको सूर्यदर्शन सहकारीमा बचतकर्ताले राखेको रकम अनियमिततामा लामिछाने संलग्न रहेको निष्कर्षसहित एक अर्ब ५१ करोड रुपैयाँ बिगो भराउन मागदाबी गरिएको छ । प्रहरीले उनलाई सहकारीको रकम अपचलनबाट गैर कानूनी सम्पत्ति आर्जन गरेको आरोप समेत लगाउँदै सम्पत्ति शुद्धीकरणको मुद्दा समेत लगाएको छ ।

प्रहरीले लामिछानेविरुद्ध रुपन्देही, चितवन, काठमाडौं र पर्साको सहकारी ठगीमा पनि अनुसन्धान गरिरहेको छ । कास्की अदालतले लामिछानेलाई थुनछेक बहसपछि साधारण तारेखमा छाड्ने, धरौटीमा छाड्ने वा पुर्पक्षका लागि थुनामा पठाउनेमध्ये एक आदेश दिनेछ । अदालतबाट जे आदेश आएपनि लगत्तै अरु मुद्दाको अनुसन्धान र अभियोजनका लागि लामिछानेलाई दौडाउने प्रहरी तयारी छ ।

लामिछानेलाई सहकारी बचतकर्ताको रकम अनियमिततामा जिम्मेवार बनाउनुपर्ने निष्कर्षसहित एमाले सांसद् सूर्य थापा नेतृत्वको संसदीय छानबिन समितिले ३१ भदौमा प्रतिवेदन बुझाएको थियो । प्रतिवेदनलाई कार्यान्वयन गरेको भन्दै प्रहरीले लामिछानेलाई २ कात्तिकमा पार्टी कार्यालयबाट पक्राउ गरेर पोखरा लगेको थियो । त्यसपछि उनीविरुद्ध विभिन्न जिल्लामा अनुसन्धान थालिएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# नेपालसँगै अन्तर्राष्ट्रिय बजारमा रिलिज हुँदै 'लाज शरणम्'




काठमाडौं/चर्चित हास्य सिरियल 'सक्किगोनि'को समूहले निर्माण गरेको पहिलो फिल्म 'लाज शरणम्' महाशिवरात्रिको अवसर पारेर आगामी फागुन १४ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । कलाकारको बलियो 'लाइनअप' रहेको फिल्मलाई अन्तर्राष्ट्रिय बजारमा पनि रिलिज गरिने भएको छ । यसका लागि सेभेन सिज इन्टरनेसनलले फिल्मको अन्तर्राष्ट्रिय वितरण अधिकार खरिद गरेको छ ।

सेभेन सिजले भारत बाहेकको वितरण अधिकार लिएको हो । मंगलबार निर्माण कम्पनी जेपिटी क्रिएसनको तर्फबाट अर्जुन घिमिरे (पाँडे) र वितरण कम्पनीका प्याट्रिक सुवेदीले सम्झौतापत्रमा हस्ताक्षर गरे । प्याट्रिकका अनुसार फिल्मलाई विदेशमा दुई चरणमा रिलिज गरिनेछ । आगामी फेब्रुअरी २८ र मार्च ७ तारिखमा फिल्म रिलिज हुने उनले जानकारी दिए ।

कुमार कट्टेल 'जिग्री ब्रो'को निर्देशनमा तयार भएको फिल्ममा सिताराम कट्टेल (धुर्मुस), विजय बराल, मुकुन्द श्रेष्ठ, महेश त्रिपाठी, अर्पण थापा, रेणु योगीसँगै 'सक्किगोनि' समूहबाट अर्जुन घिमिरे (पाँडे), सागर लम्साल (बले), हरिष निरौला (कक्रोज), प्रियाना आचार्य (मुन्नी), कमलमणी नेपाल (खुपीका बाउ) लगायतको अभिनय छ ।

नवीन श्रेष्ठ निर्माता रहेको फिल्ममा राम नरेश शाह र श्रीजना खड्का भने सह-निर्मातामा छन् । सुदीप बरालले फिल्मको छायांकन गरेका हुन् । निर्देशक कट्टेल स्वयंको लेखन रहेको फिल्मलाई डोल्पा र काठमाडौंमा खिचिएको हो । फिल्मले सामाजिक कथालाई व्यंग्यात्मक रूपमा प्रस्तुत गर्ने जनाइएको छ । 'सक्किगोनि' समूहको फिल्म भएकाले दर्शकहरु पनि उत्साहित देखिएका छन् ।

# 'श्री बुकुरो'को टिजरमा के छ ?



काठमाडौं/सुदीप भुपाल सिंहले करिब सात वर्षपछि निर्देशनमा कमब्याक गरेको फिल्म 'श्री बुकुरो : द होम कलिङ'को टिजर सार्वजनिक गरिएको छ । बुधबार युट्युबमार्फत् सार्वजनिक ४२ सेकेण्ड लम्बाईको टिजरले फिल्मको कथावस्तुबारे केही संकेत गर्छ । टिजरमा अभिनेता आशीर्वाद क्षेत्री र चरित्र अभिनेत्री लक्ष्मी गिरी बाइकमा गाउँ फर्किरहेका छन् । लक्ष्मी निराश मुद्रामा देखिएकी छन् ।

दृश्यसँगै टिजरको पृष्ठभूमिमा लक्ष्मीले वाचन गरेको कविताको अंश सुन्न सकिन्छ, जहाँ भनिएको छ- 'घर जाने बाटो मलाई टाढा नलागोस्, हरेक चोट पाइला बनोस्, प्राणमा काँडा नलागोस् ।' यसले घर फर्किन अधैर्य लक्ष्मीको भाव बुझाउँछ । उनको छोराको भूमिकामा आशीर्वाद रहेको अनुमान गर्न सकिन्छ । टिजरले फिल्मको दृश्यभाषा सशक्त रहेको छनक दिन्छ ।

फिल्म रेन्जको पहिलो प्रस्तुति रहेको फिल्ममा आशीर्वाद र लक्ष्मीसहित निकिता आचार्य, राजन इशान, प्रतिकराज आचार्य, रोशनी कार्की, दीपिका थापा, लय संग्रौला, मोहन निरौला, रामबाबु रेग्मी, रश्मी भट्ट, उत्तम केसी, गीता थापा, सपना श्रेष्ठ, आशिका शाही, दीपक कार्की, रजिना विश्वकर्मा लगायतको अभिनय छ ।

'श्री बुकुरो'मा निर्देशक सिंह स्वयंको लेखन तथा रुबी सेन सिंहको निर्माण रहेको छ । सञ्जय लामा र राजेश श्रेष्ठको छायांकन रहेको फिल्मको मुस्ताङ, बाग्लुङ, कास्की, दमौली, मकवानपुर र काठमाडौंमा छायांकन गरिएको हो । फिल्मको गीतमा रञ्जीत गजमेर र बसन्त सापकोटाको संगीत छ । फिल्मको प्रदर्शन मिति केही दिनभित्रमा घोषणा गर्ने तयारी भइरहेको निर्देशक सिंहले बताए ।

# 'जुना' पोस्टरमा निराश अस्मिता

काठमाडौं/आगामी माघ २५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'जुना'को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ । बुधबार सार्वजनिक पोस्टरमा फिल्मकी प्रमुख अभिनेत्री अस्मिता ढकाल चित्रित छिन् । उमेरले कलिलै देखिएको उनको सिउँदोमा सिन्दूर र गलामा पोते छ । यसले उनको बाल विवाह भएको बुझाउँछ । निराश भावमा टोलाइरहेकी उनको अनुहारमा पीडाभाव झल्किएको छ ।

बाल विवाह र महिला हिंसाविरुद्धको कथावस्तुमा आधारित भएर बनेको फिल्ममा अस्मितासहित कृष्णप्रसाद धिताल, देशभक्त खनाल, रश्मी भट्ट, कमल बोहोरा, अस्मिता बस्नेत, खगेन्द्र न्यौपाने, विकास आनन्द, इन्द्र बिके, केशव अधिकारी लगायतको अभिनय छ । जीवन सेञ्चुरीको निर्देशनमा तयार भएको फिल्मका निर्माता दीपकप्रसाद घिमिरे हुन् ।

फिल्ममा राजबहादुर सानेको कथा, बीबी अनुरागी र रमेश सेञ्चुरीको संगीत, जीवन सेञ्चुरी र भीमबहादुर पौडेलको शब्द, अञ्जु पन्त, पूर्णकला बिसी र यदुराई लकान्द्रीको स्वर र रामेश्वर हुमागाईंको डीओपी छ । फिल्मको विभिन्न सहरमा दर्जनौं च्यारिटी शो भइसकेका छन् । केही शोमा दर्शकहरु रोएर बेहोस समेत भएका थिए । यसैले फिल्म विशेष बनेको हुनसक्ने अपेक्षा गरिएको छ ।

# घोषणामै सीमित भएको आँचलको 'राजमहल'

काठमाडौं/नेपाली फिल्मका लागि पाँचतारे होटल त्यति फापेको देखिँदैन । महंगो र आलिसान मानिने यस्ता होटलमा घोषणा भएका धेरैजसो फिल्म बन्न सकेका छैनन् । यसैले अचेल कुनै फिल्मको पाँचतारे होटलमा घोषणा भयो भने निर्माण हुनेमै आशंका उब्जिन थाल्छ । 'घुइँचो', 'दीपेन्द्र सरकार', 'रानी महल', 'सिड्नी' जस्ता थुप्रै फिल्म पाँचतारे होटलमा तामझामसँग घोषणा भएर पनि बन्न सकेनन् ।

गत वर्षको पुषमा दरबारमार्गस्थित पाँचतारे होटल याक एन्ड यतिमा घोषणा फिल्म 'राजमहल' पनि निर्माण हुन सकेको छैन । सोही वर्षको माघ महिनाबाट अष्ट्रेलिया, न्यूजिल्याण्ड र नेपालमा फिल्मको छायांकन हुने जनाइएको थियो । तर, घोषणा भएको एक वर्ष वितिसक्दा पनि फिल्म बन्ने कुनै छाँटकाँट देखिएको छैन । स्रोतका अनुसार अब यो फिल्म बन्ने सम्भावना न्यून छ ।

सविनकुमार तोलाङ्गीले निर्देशन गर्ने भनिएको फिल्ममा आँचल शर्मा, रमेश उपेती, सरोज खनाल, सलोन बस्नेत, पवित्रा साकी (मिस पवि) लगायतका कलाकारहरु अनुबन्धित छन् । फिल्मको घोषणादेखि कलाकार सम्झौता प्रक्रियासम्म ५० लाख बढी खर्च भएको देखिन्छ ।




तर, फिल्म नै निर्माण हुन नसक्दा त्यो रकम बालुवामा पानी खन्याएसरह भएको छ ।

पाँचतारे होटलमा घोषणा भएका एकपछि अर्को फिल्म निर्माण हुन नसक्नु आफैंमा आश्चर्यपूर्ण छ । यसैले अचेल यस्ता होटलहरुमा फिल्म घोषणा गर्न निर्माताहरु हच्किएका छन् । बरु सामाजिक सञ्जालबाट फिल्मको घोषणा गर्ने ट्रेन्ड बढेको छ । त्यस्ता फिल्मले बक्स अफिसमा पैसा पनि राम्रो छापिरहेका छन् । तर, पाँचतारे होटल भने नेपाली फिल्मका लागि 'अनलक्की' नै बनेको छ ।

# त्रिविका १४ हजार ३ सय विद्यार्थी दीक्षित हुँदै, क-कसले पाउँदैछन् स्वर्ण पदक ?



काठमाडौं/त्रिभुवन विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालय बल्खुले शनिबार हुने ५० औं दीक्षान्त समारोहमा पदक पाउने विद्यार्थीको सूची सार्वजनिक गरेको छ । त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ शहीद हरिराज अधिकारी स्वर्ण पदक व्यवस्थापन संकायका एमफील तहका हिरा श्रेष्ठले पाउने भएका छन् । परीक्षा नियन्त्रण कार्यालयका अनुसार उनले ३.९५ सीजीपीए ल्याएका छन् ।

श्री इन्द्र भक्त श्रेष्ठ स्वर्ण पदक स्कुल अफ म्यानेजमेन्टको एमबीएकी सुधा काफ्ले पाउने भएकी छिन् । उनले ३.९४ सीजीपीए ल्याएकी छिन् । अमृत पदक एमएस्सी रसायनशास्त्रका सुशील पोखरेलले पाउने भएका छन् । उनले ३.९५ सीजीपीए ल्याएका छन् । मदन विद्या वातावरण विज्ञान पुरस्कार एमएस्सी वातावरण विज्ञान विषयमा रिकिता भण्डारीले पाउने भएकी छिन् । उनले ३.९४ सीजीपीए ल्याएकी छिन् । सरदार गुञ्जमान सिं स्वर्ण पदक एमबीएसबाट रेबिका भण्डारीले पाउने भएकी छिन् । उनले ३.९० सीजीपीए ल्याएकी छिन् । नरेन्द्रमणि आचार्य दीक्षित पदक एमए अंग्रेजी साहित्यमा सुदीक्षा घिमिरेले पाउने भएकी छिन् । रात्नराज्य लक्ष्मी क्याम्पसमा पढेकी उनले ३.८८ सीजीपीए ल्याएकी छिन् । बल्खुले सार्वजनिक गरेको सूचनामा डा.मोहनप्रसाद लाखे स्वर्ण पदक पनि उनले नै पाउने भएकी छिन् ।

शान्ति नारायण मिश्र पदक एमए पुस्तकालय विज्ञान विषयका संजिव कुमार सिंहले पाउने भएका छन् । उनले ३.८२ सीजीपीए ल्याएका छन् । डा. दुबसु क्षेत्री स्वर्ण पदक एमए अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विषयमा प्रतिकराज जोशीले पाउने भएका छन् । उनले ३.८१ सीजीपीए ल्याएका छन् । इमिरेट्स प्रा.डा. रामप्रसाद चौधरी स्वर्ण पदक एमएस्सी वनस्पति शास्त्रमा श्रीणा क्षेत्रीले पाउने भएकी छिन् । उनले ३.८० सीजीपीए ल्याएकी छिन् । नारायण शान्ति मिश्र पदक एमए पत्रकारिता तथा आमसञ्चार विषयमा चेतना कुँवरले पाउने भएकी छिन् । उनले ३.६८ सीजीपीए ल्याएकी छिन् ।

तारपद चौधरी पदक एमए अर्थशास्त्र विषयमा श्रीज्या काफ्लेले पाउने भएकी छिन् । उनले ३.६७ सीजीपीए ल्याएकी छिन् । खगेन्द्रमान सिं प्रधान पदक एमए अर्थशास्त्र विषयमा पनि उनले नै पाउने परीक्षा नियन्त्रण कार्यालयको सूचनामा उल्लेख छ । चन्द्रराज ढुंगेल स्मृति पुरस्कार पनि श्रीज्याले नै पाउने भएकी छिन् । तीन पदक पाउने भएकी उनले अर्थशास्त्र केन्द्रीय विभागमा अध्ययन गरेकी हुन् ।

सिल्पा विष्ट प्राज्ञिक उत्कृष्टता पुरस्कार एमएड तहमा महिलाहरूमध्येबाट सिता कुमारी श्रेष्ठले पाउने भएकी छिन् । उनले ३.४५ सीजीपीए ल्याएकी छिन् । भाइस चान्सलर पदक स्नातक तहका आकृति झाले पाएका छन् । उनले ३.९९ सीजीपीए ल्याएका छन् ।

सत्य माँ स्मृति स्वर्ण पदक बीबीएका आकृति झाले नै पाएका छन् । लोकराज ज्ञवाली पदक एलएलबीका सिजन बोहरलाले पाउने भएका छन् । ल क्याम्पसमा पढेका उनले ३.७१ सीजीपीए ल्याएका छन् । शिवराज पन्त स्मृति पुरस्कार सिभिल इन्जिनियरिङका स्नातक तह बीइ सिभिलका शाशिष थापाले पाउने भएका छन् । उनले ८४.२१ प्रतिशत ल्याएका छन् । छत्र बहादुर पदक बीबीएसका समिता डंगोलले पाएकी छिन् । उनले ८०.७० प्रतिशत ल्याएकी छिन् । सुशीलादेवी शर्मा पुरस्कार बीएडकी छात्रामध्येबाट संगिता प्रजापतिले पाउने भएकी छिन् । उनले ७५.१५ प्रतिशत ल्याएकी छिन् । परीक्षा नियन्त्रण कार्यालयका अनुसार यसपटक १४ हजार तीन सय सात विद्यार्थी दीक्षित हुँदैछन् । यस वर्ष ५० औं वर्ष अर्थात् स्वर्ण दीक्षान्त समारोह पनि मनाइँदै छ ।

# मुगुमा ४० चौंरी मर्नुका कारण अज्ञात, पशु स्वास्थ्यकर्मी पुग्नै चुनौती

काठमाडौं/चीनसँग सिमाना जोडिएको मुगु जिल्लाको मुगुम कार्मारोङ गाउँपालिकामा चौंरी मर्न थालेको २४ घण्टा नाघिसकेको छ । गाउँपालिकाको वडा नम्बर २ मा पर्ने 'मुगु' भन्ने गाउँका चौंरी अज्ञात रोगका कारण मर्न थाले पनि यसको कारण पत्ता लगाउन नसकिएको हो । यस्तै अहिलेसम्म चौंरीहरूको उपचार पनि हुन सकेको छैन ।

स्थानीयवासिन्दाले मुगु बैंसीमा पुगेका स्वास्थ्यकर्मीलाई दिएको जानकारी अनुसार श्वासप्रश्वासमा समस्या देखिने र पहिलो लक्षण देखिएको १२ घण्टाभित्र मर्ने गरेको छ । पशु सेवा कार्यालय मुगुका प्रमुख भीमचन्द्र बुढाका अनुसार जिल्ला सदरमुकामबाट गएका पशु स्वास्थ्यकर्मीहरूले मरेका ८ चौंरी भेटिसकेका छन् ।

'हाम्रो टोलीलाई स्थानीयले ४० बढी मरिसकेको भनेका छन् । हिमपातका कारण पशु स्वास्थ्यकर्मीको टोली अहिलेसम्म माथि पुग्न सकेको छैन,' बुढाले संचारकर्मीसँग भने । 'मुगुको सदरमुकाम गमगढीबाट ९ जनाको पशु स्वास्थ्यकर्मी टोली गएकोमा २ जना हिमपातको कारण फर्केका छन भने ७ जना लेक जाने प्रयास गर्दैछन्,' उनले भने ।

बुढाका अनुसार अहिलेसम्म आएको जानकारीमा चौंरीहरू माथि लेकमा चर्न गएका कारण उतै पनि धेरै मरेको हुन सक्छ । मुगुको सबैभन्दा धेरै चौंरी हुने क्षेत्र नै मुगुम कार्मारोङ हो ।

बुढाले उक्त क्षेत्रमा करिब ५ सय चौंरी रहेको अनुमान स्थानीयले गरे पनि जीवित र मरेको अवस्थाबारे भन्न नसक्ने बताए । 'चौंरीहरू कति मरे भन्ने यकिन भइसकेको छैन । गाउँलेहरू चौंरी लेकमै छाडेर बेंसी झरेकाले कति चर्न लेक गएर नआएको, केही मरेर नदेखेका पनि होलान्, फेरि यही बेला हिमपात पनि भएको छ । यहाँको वातावरण जटिल हुँदा अहिले केही गर्न सकिएको छैन,' बुढाले भने ।

**निमोनिया अनुमान**

जिल्ला पशु अस्पताल प्रमुख समेत रहेका बुढाका अनुसार मुगु जिल्लामै पहिलो पटक यस्तो घटना भएको हो । 'यहाँका चौंरी अलिअलि चिसोका कारण, लडेर मर्ने घटना त हुन्थे तर यसरी रोग नै लागेको थाहा थिएन । मृत चौंरीको अवस्था हेर्दा 'एचएस' र निमोनिया जस्तो देखिन्छ,' उनले भने ।

ल्याब परीक्षणका लागि मृत चौंरीको र्‍याल, रगत लगायत संकलन गरिएको उनले बताए । 'ल्याब रिपोर्टका लागि सम्भव हुनेसम्म नमुना संकलन गरेर पठाएका छौं । रिपोर्ट नआइ यकिन भन्न सकिँदैन,' बुढाले भने, 'नाकबाट रगत निस्किने, शरीर फुट्ने, रगत सहितको दिसा पाइएको छ ।' मुगुम कार्मारोङ गाउँपालिका अध्यक्ष छिरिङदेम्बे लामाले चीनबाट चौंरीलाई लाग्ने रोग आएको शंका गरे । 'चीनमा २/३ वर्ष अगाडि यस्तै भएको सुनिएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# कुलेखानी हेभीखोलामा बेलिब्रिज निर्माण गरिने



साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/गत असोज दोस्रो हप्ता वर्षाका जलाशयमा पानी भरिएर कारण कुलेखानी जलविद्युत् आयोजनाको ड्याम खोल्दा क्षति भएको हेभीखोलामा पक्की पुल भएको स्थानमा अब बेलिब्रिज निर्माण गरिने भएको छ ।

ड्याम खोल्दा पुल क्षतिग्रस्त बनेको थियो । पुल भन्दा तलबाट वैकल्पिक सडक खोलेर यातायात सुचारु गरिएको थियो । इन्द्रसरोवर गाउँपालिका-२ स्थित कुलेखानी ड्यामको तल्लो भागमा रहेको हेभीखोलाको पुलमा क्षति पुगेको थियो । तत्कालीन समयमा चाडपर्व भएका कारण खोलाबाट डाइभर्सन गरेर सवारी सञ्चालन गरिएको थियो । ड्यामबाट क्षति पुगेको उक्त पुल तत्कालन सञ्चालन गर्न नसकिने निष्कर्ष निकाल्दै प्रदेश सरकारले बेलिब्रिज हाल्ने निर्णयमा पुगेको हो ।

बागमती प्रदेश सरकारको विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकले तत्काल उक्त स्थानमा बेलिब्रिज हाल्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए । उनका अनुसार भीमफेदी गाउँपालिका-६ स्थित माण्डु खोलामा रहेको बेलिब्रिज निकालेर उक्त स्थानमा तत्काल हाल्ने निर्णय बैठकले गरेको छ । माण्डु खोलमा पक्की पुल निर्माण भएसँगै बेलिब्रिज प्रयोगमा आएको छैन ।

मुख्यमन्त्री बहादुरसिंह लामासहित विभिन्न सुरक्षा निकायको प्रमुखसहितको उपस्थितिमा बसेको बैठकले बेलिब्रिजलाई त्यहाँ लैजानका लागि आवश्यक प्रक्रिया सुरु गर्ने निर्णय भएको छ । हेटौंडाबाट काठमाडौं प्रवेश गर्ने छोटो मार्गका रुपमा रहेको फाखेल र सिस्नेरीको बाटो प्रयोग गर्नका लागि यो पुलको महत्व रहँदै आएको छ । दैनिक रुपमा यस बाटोमा मोटरसाइकल र साना सवारी गरी करिब ३ हजार भन्दा बढी गुड्ने गरेका छन् ।

इन्द्रसरोवर गाउँपालिका-२ का वडा अध्यक्ष सुमन श्रेष्ठले तत्कालका लागि बेलिब्रिज हालेर सवारी आउजाउमा सहज गरिए पनि दीर्घकालीन समस्या समाधानका लागि पक्की पुलको आवश्यकता रहेको औंल्याए । 'हेभीखोलामा दीर्घकालीन रुपमा प्रयोग हुने गरी पक्की पुल निर्माण गर्न जरुरी रहेको छ ।' उनले भने । कुलेखानीको ड्यामबाट हुनसक्ने सम्भावित क्षतिलाई समेत मध्यनजर गरी पक्की पुल निर्माण गर्नुपर्ने वडा अध्यक्ष श्रेष्ठले जनाए ।

# बागमतीका मन्त्री खड्काले भने, 'योजना छनोटको विधि नै गलत'



साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिचाई मन्त्री श्यामबहादुर खड्काले योजना छनोटको विधि नै गलत भएको बताएका छन् ।

मकवानपुरगढी गाउँपालिका-४ मा रहेको वाइवा डाँडा लिफ्टीङ सिंचाई उपभोक्ता समितिको ट्याङकीको बुधवार शिलान्यास गर्दै उनले व्यक्ति-व्यक्तिले योजनाको माग गर्दा कार्यान्वयनको पाटो फितलो भएको बताए । आवश्यकताको आधारमा योजना छनोट गर्नुपर्नेमा मन्त्री खड्काले जोड दिएका छन् । निर्वाचित जनप्रतिनिधी, समाजसेवी, बुद्धीजिवी, स्थानिय उपभोक्ताहरुको छलफलबाट नै अधिकतम लाभ प्राप्त हुने योजना छनौट गर्नुपर्ने उनको भनाई छ ।

सम्पन्न भइसकेका योजनाहरुको संरक्षण र सदुपयोगमा पनि ध्यान दिन मन्त्री खड्काले आग्रह गरे । मन्त्री खड्काले ट्याङकी निर्माण पश्चात् तीनसय रोपनी जमिनमा सिचाईको सुविधा पुग्ने बताएका छन् । कुल २० लाखमा १ लाख ५० हजार लिटर क्षमता भएको ट्याङकी निर्माण गर्न लागिएको समितिका अध्यक्ष राजकुमार योञ्जनले जानकारी दिए ।

ट्याङकी निर्माण पश्चात् ३ ठाउँबाट पानी वितरण गर्न थप १ करोडको आवश्यकता पर्ने समितिले जनाएको छ । कार्यक्रममा जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय मकवानपुरका कार्यालय प्रमुख निर्मल दाहाल, नेपाली कांग्रसका नेता आनन्दराम पराजुली, वडा अध्यक्ष अर्जुन प्रसाद तिमल्सिनालगायत स्थानीयहरुको सहभागिता रहेको थियो ।

# एमालेले रावललाई पार्टी सदस्यबाट हटायो, विन्दा र उषाकिरणलाई ६ महिना निलम्बन



काठमाडौं, १० पुस/नेकपा एमालेले पूर्वउपाध्यक्ष भीम रावललाई पार्टीको संगठित सदस्यबाट हटाएको छ । बुधबार बसेको सचिवालय बैठकले रावललाई पार्टीबाटै हटाउने निर्णय गरेको हो । उपमहासचिव प्रदीप ज्ञवालीका अनुसार पूर्वउपाध्यक्ष रावलले निरन्तर पार्टीलाई कमजोर बनाउने अभिव्यक्ति दिइरहेकाले संगठित सदस्यबाट हटाउने निर्णय गरिएको हो ।

'कमरेड भीम रावल महाधिवेशनमा अध्यक्षमा उम्मेदवार हुनुभयो, उपाध्यक्षका निम्ति आग्रह गरिएको कुरालाई मान्नुभएन । त्यसपछि केन्द्रीय सदस्यमा पनि नआउनु भएपछि हाम्रो वैधानिक व्यवस्था अनुसार सल्लाहकारमा रहनुभयो' ज्ञवालीले भने, 'त्यो सल्लाहकारको जिम्मेवारी पनि पूरा गर्नुभएन । र, अभिव्यक्तिहरू चाहिं पार्टी बलियो बनाउने भन्दा पनि निरन्तर कमजोर बनाउने हिसाबले आएको हुनाले संगठित सदस्यबाट मुक्त गर्ने निर्णय भएको छ ।'

रावलले पछिल्लो पटक केन्द्रीय कार्यालय भवन व्यापारी मीनबहादुर गुरूङबाट लिने निर्णयप्रति विरोध जनाएका थिए । यसपछि गत ४ कात्तिकमा एमालेले रावल सहित स्थायी कमिटी सदस्य डा.बिन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिमल्सेनालाई स्पष्टीकरण सोधेको थियो ।

पाण्डे र तिमल्सेनाले स्पष्टीकरण बुझाए पनि रावलले कुनै जवाफ दिएका थिएनन् । तर आजको सचिवालय बैठकले स्पष्टीकरण पत्र लेख्ने पाण्डे र तिमल्सेनालाई पनि ६ महिना जिम्मेवारीबाट हटाउने निर्णय गरेको छ ।

'स्पष्टीकरण उहाँहरुले दिनु त भयो, तर उहाँहरुले यसरी पार्टीको विधि भन्दा बाहिर गएर सार्वजनिक रुपमा बोल्नु उचित भएन भन्ने कुराको रियलाइजेसन देखिएन' ज्ञवालीले भने, 'त्यसो भएको हुनाले उहाँहरुलाई पार्टीको निर्देशनमा चल्न थप निर्देशन गर्दै उहाँहरुको जिम्मेवारीबाट ६ महिना मुक्त गर्ने निर्णय गरिएको छ ।'

# पालुङ बहुउद्देश्यीयको २५ औं साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको २५ औं वार्षिक साधारणसभा भएको छ । सहकारीका अध्यक्ष कृष्णबहादुर विष्टको अध्यक्षतामा भएको कार्यक्रममा थाहा नगर प्रमुख बिष्णु बिष्टको प्रमुख आतिथ्यता रहेको थियो ।

मेयर बिष्टले सहकारीहरुले उत्पादनमुलक क्षेत्रमा मात्र ऋण दिदा मात्र सहकारी र देश अनि जनताको आर्थिक स्थिति मजबुत हुने बताउँदै सहकारी शिक्षा र अनुगमनमा जोड दिन आग्रह गरे । पालुङ बहुउद्देश्यीय सहकारीले पशु पालक किसानको हित हुनेगरी दुग्ध संकलन केन्द्र स्थापना गर्न पनि उनले आग्रह गरे । सहकारीको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै सहकारीका अध्यक्ष कृष्णबहादुर विष्टले यसवर्षदेखि उपभोक्तालाई सहुलियत दरमा दैनिक उपभोग्य वस्तु उपलब्ध गराउने उद्देश्यले मुख्य कार्यालय परिसरमा साल्ट ट्रेडिङ कर्पोरेसनको सहकार्यमा खाद्यान्न पसल सेवा सञ्चालन गरेको बताए ।

सहकारीको सेवा केन्द्र बज्रवाराही र हेटौंडामा रहेको छ । ६ हजार ५ सय ८० जना शेयर सदस्य र ४ हजार १ सय २३ जना समूह सदस्य रहेको सहकारीको शेयर पुँजी ९ करोड ९४ लाख ६६ हजार छ सय रुपैयाँ रहेको छ । आर्थिक वर्ष २०८०र०८१ मा सहकारीको कुल बचत ७४ करोड ६९ लाख ९२ हजार ६सय ९३ रुपैयाँ रहेको छ भने ऋण लगानी ९७ करोड ३० लाख ६२ हजार रुपैयाँ रहेको छ । कार्यक्रममा उत्कृष्ट कारोबार गर्ने थाहा ३ का धुर्व बहादुर कार्की र थाहा २ का कुमार बस्नेतलाई सम्मान गरेको थियो ।

यसैगरी, २०८० सालको एसइइ परिक्षामा उत्कृष्ट नतिजा ल्याउने सुनौला माबिका असिम गोपाली, प्रगति मावि हेटौंडाकी प्रकृति दाहाल, सरस्वती विद्या मन्दिरका लखिन्द्र विन मुखिया र पालुङ भ्याली हार्ट एकेडेमीकि शान्ती बिष्टलाई पुरस्कार प्रदान गरिएको थियो । कार्यक्रममा ९ जना महिलालाई सुत्केरी सम्मान र २५ जना जेष्ठ सदस्यहरलाई जेष्ठ नागरिक सम्मान सहित न्यानो झोला र हर्लिक्स बितरण गरिएको थियो ।

कार्यक्रममा थाहा नगरका उपप्रमुख भरत गोपाली, नेकपा एमाले थाहाका अध्यक्ष सुरेन्द्रमान प्रधान, जिल्ला बचत तथा ऋण सहकारीका फणिन्द्र सुवेदी, जिल्ला बहुउद्देश्यीय सहकारी संघका कोषाध्यक्ष पुरुषोत्तम कार्की, थाहा नगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरुषोत्तम ढकाल लगायतले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा थाहा-३ का वडा अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, ४ का नारायण लामा, नेपाली कांग्रेसका नगर सभापति प्रमोदकृष्ण जोशी, नेकपा माओवादी केन्द्रका नगर अध्यक्ष बिनोदकुमार लामा, राप्रपा नगर अध्यक्ष कुलमान तामाङ, रास्वपा थाहा नगर सभापति जयराम खत्रीलगायतको आतिथ्यता रहेको थियो ।

# 'हाम्रो धार्मिक सहिष्णुता संसारमै उदाहरणीय'



साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले क्रिश्चियन धर्मावलम्बीहरुको प्रमुख चाड क्रिसमसको उपलक्ष्यमा शुभकामना व्यक्त गरेका छन् ।

बुधबार परेको क्रिसमसको अवसरमा उनले शुभकामना सन्देश मार्फत शुभकामना व्यक्त गरेका हुन् । देवकोटाले भनेका छन्, 'हाम्रो देश धर्म निरपेक्ष देश हो । सबै धर्मलाई राज्यले एकै समानले हेरेको छ, हाम्रो धार्मिक सहिष्णुता संसारमै उदाहरणका रुपमा रहेको छ, हामी एक अर्काका धार्मिक स्वतन्त्रतालाई सम्मान गर्दै सभ्य र सुन्दर समाज निर्माणको दिशामा अझै अघि बढ्नुपर्छ ।'

चाडपर्वहरुले अंगीकार गरेका विशेषतालाई नेपाली समाज एकतामा बाँधिएको उनले बताए । क्रिसमसले नयाँ उर्जा र उमंग ल्याउने अपेक्षा प्रदेश प्रमुख देवकोटाले व्यक्त गरे । हरेक वर्ष डिसेम्बर २५ लाई ईसाई धर्मका अनुयायीहरु येशु खृस्टको जन्मदिनको रुपमा मनाइन्छ । क्रिसमसको बेला गीर्जाघरमा प्रार्थना गर्ने, घर सजावट गर्ने, उपहार आदानप्रदान गर्ने, सागिंतिक कार्यक्रम गर्ने अनि परिवार साथीसंगी भेला भएर शुभकामना बाँडेर र खानपिन गरेर रमाइलो र हर्षोल्लासका साथ मनाइन्छ ।

# घरघरमा घटना दर्ताको प्रमाण पत्र पुऱ्याउँदै वडाध्यक्ष तितुङ

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/मनहरी गाउँपालिकाको ७ नम्बर वडा कार्यालयले घटना दर्ताको प्रमाणपत्र सेवाग्राहीको घरघरमै पुगेर दिन थालेको छ । आफ्नो वडामा जन्मेका शिशुको जन्मदर्ता र मृत्यु भएका व्यक्तिको मृत्यु दर्ता प्रमाण पत्र घरघरै पुऱ्याउन वडा लागेको हो ।

वडाध्यक्ष ठाकुरराम तितुङले जनतालाई घरघरै सेवा पुगेका प्रत्याभूति दिलाउनका लागि यस किसिमको कार्य सुरुवात गरिएको बताए । मृत्यु दर्ता र घटनादर्ता बोकेर ११ वटा घरपरिवारमा आफूहरु पुगिसकेको वडाध्यक्ष तितुङले जानकारी दिए । 'मृत्यु भएका परिवारको हकमा गाउँपालिकाले अति बिपन्नको सूचिमा राखी किरिया खर्च पनि दिने गर्छ', वडाध्यक्ष तितुङको भनाई छ- 'त्यो खर्च लिनका लागि पनि मृत्युदर्ता अनिबार्य चाहिन्छ ।'

मृत्यु भएका परिवारबाट सूचक खोजेर फारम भराउने र मृत्यु दर्ता प्रमाण तथा श्रद्धाञ्जली पत्र र फलफुल बोकेर शोकमा परेको घरमा जाने गरेको वडाध्यक्ष तितुङले बताए । कानून बमोजिम जन्म वा मृत्यु भएको ३५ दिनभित्र घटना दर्ता गरेमा कुनै शुल्क लाग्दैन । त्यसपछि बिलम्ब जरिबाना लाग्ने व्यवस्था छ ।

# सशक्त नेतृत्वले मात्र व्यवसायीको हितमा काम गर्न सक्छः रानाभाट



साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/मकवानपुर उद्योग वाणिज्य संघको अध्यक्ष पदका उम्मेदवारका रुपमा रहेका प्रमोद सिंह रानाभाटले संघको सशक्त नेतृत्वको आवश्यकता बारे आफ्नो स्पष्ट दृष्टिकोणका साथ प्रस्तुत भएका छन् ।

व्यवसायीहरुको हक, अधिकार, र हितलाई सुदृढ गर्न आफ्नो उम्मेदवारी घोषणा गरेको रानाभाटले बताए । व्यवसायीक सोच, योजनाबद्ध दृष्टिकोण र सुधारको अठोट लिएर अघि बढिरहेका रानाभाट हाल संघका उपाध्यक्ष छन् । रानाभाट संघको नेतृत्वमा व्यवसायीहरुको हित सुनिश्चित गर्न थप सुधार र सशक्तिकरणको आवश्यकता महसुस गर्छन् । रानाभाट भन्छन्, 'संघले व्यवसायिक वातावरण सुधार गर्नुपर्छ । व्यवसायीहरुको समस्यामा समाधान खोज्ने, उनीहरुको हक र अधिकारका लागि सरकारसमक्ष बलियो आवाज उठाउने आवश्यकता छ ।'

व्यवसायीहरुले स्थानीय सरकारदेखि संघीय सरकारसम्म कर प्रणाली, अनुमति प्रक्रिया, र अन्य प्रशासनिक जटिलताका कारण धेरै समस्याहरु भोगिरहेको बताउँदै समाधानमा आफ्नो नेतृत्वको संकले भूमिका खेलने उनले बताए । 'व्यवसायीहरुको समस्या समाधान संघको मुख्य भूमिका हो । व्यवसायीहरुको आवाजलाई सशक्त बनाउँदै उनीहरुको समस्यामा दिगो समाधान खोज्न म प्रतिबद्ध छु ।'

हेटौंडा बजारमा भइरहेको सडक विस्तारलाई व्यवस्थित गर्न र व्यवसायीहरुको हितलाई सुनिश्चित गर्न पनि रानाभाटले सरकारसँग समन्वयकारी भूमिका खेल्न आवश्यक देखेका छन् । 'सडक विस्तार हेटौंडाको विकासका लागि जरुरी छ । तर, यो काम व्यवस्थित ढंगले अघि बढ्नुपर्छ । व्यवसायी र घर धनीलाई मर्का नपर्ने गरी सरकारले समन्वय गर्नुपर्छ,' उनले भने । संघलाई सबै व्यवसायीहरुको प्रतिनिधित्व गर्ने प्रभावकारी संस्था बनाउने योजनासहित रानाभाट अघि बढेका हुन् ।

# हेटौंडा एकेडेमीले जित्यो क्रिकेट उत्सवको उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/हेटौंडा उपमहानगरपालिका-४, स्थित हुप्रचौरमा भएको महिला क्रिकेट उत्सवको उपाधि हेटौंडा एकेडेमी आवासीय माध्यमिक विद्यालयले जितेको छ ।

बुधबार भएको फाइनल खेलमा माउन्ट एभरेष्ट इङ्लिस सेकेण्डरी विद्यालयलाई पराजित गर्दै हेटौंडा एकेडेमीले महिला क्रिकेट उत्सवको उपाधि जितेको हो । एकेडेमीले प्रतियोगितामा ४ वटा टिमलाई पराजित गर्दै उपाधिमा कब्जा जमाएको हो । बागमती प्रदेश क्रिकेट संघका उपाध्यक्ष तथा महिला क्रिकेट उत्सवका संयोजक प्रेम क्षेत्रीका अनुसार विजयी भएका टिमलाई आयोजकले शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो ।

महिला खेलाडीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना भएको थियो । मकवानपुर जिल्ला क्रिकेट संघको आयोजना तथा हेटौंडा उपमहानगरपालिकासँगको सहकार्यमा हेटौंडामा सञ्चालन भएको दुई दिने महिला क्रिकेट उत्सवमा हेटौंडा उपमहानगरका ७ र मकवानपुरगढी गाउँपालिकाको १ गरी ८ वटा विद्यालयले सहभागिता जनाएका थिए । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसीसी) को महिलालाई क्रिकेट खेलमा प्रोत्साहन गर्ने योजनाअन्तर्गत नै मकवानपुर जिल्ला क्रिकेट संघले उत्सवको आयोजना गरेको संयोजक प्रेम क्षेत्रीले बताए ।

क्रिकेट उत्सव प्रतियोगिताको खेल ६ ओभरको खेलाएको थियो । बुधवार भएको समापन खेलको प्रमुख अतिथि हेटौंडा उपमहानगरपालिका मेयर मिनाकुमारी लामा रहेकी थिइन् । उनले महिलाहरुलाई खेलकुदमा सक्रिय गराएर खेलाडी उत्पादनमा सघाउ पुऱ्याउन उपमहानगर तयार रहेको बताइन् । कार्यक्रममा मकवानपुर जिल्ला क्रिकेट संघका उपाध्यक्ष ईश्वर मैनालीलगायत क्रिकेट संघका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

यो तपाईहरुकै सुन्दर नगर हेटौंडामा
सडकमै जाऔं, सडकमै खाऔं, सडकमै रमाऔं
एघारौं सडक खाना महोत्सव सफल पारौं ।
कार्यक्रमका आकर्षणहरु:
- स्थानीय कलाकारहरुको साँस्कृतिक मनोरञ्जन
- खानाका पारखीहरुलाई पौराणिक देखि आधुनिक खानाको परिकारसम्मको स्वाद लिन सकिने
- अंग्रेजी नयाँ वर्ष २०२५ लाई स्वागत गरिने
- आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने



आयोजक : मकवानपुर होटल एशोसिएसन
मिति : यही पुष १३ गतेदेखि १६ गतेसम्म
स्थान : हेटौंडा हुप्राचौरको पूर्वपट्टिको सडकमा
सम्पर्क : ९८५५०७०३०१

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना